**कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित**

# एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेण्ट लिमिटेड
# NRN Infrastructure and Development Limited


चावहिल प्लाजा-तेस्रो तला, चावहिल, काठमाण्डौं, नेपाल

फोन नं: ९७७-०१-४४९२९३९, ४४९४९२४

वेवसाइट: www.nrnil.com ,इमेल: nrninvestmentltd@gmail.com


को

(कम्पनी ऐन २०६३ को दफा २३ को उपदफा (१), धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० को उपदफा (१) र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अन्तर्गत प्रकाशित)

# विवरण पत्र

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ ।

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| संचित नाफा नोक्सान (रु. हजारमा) | ३२,५७३.५७ | २५,९६७.७० | १६,३१९.२२ | २४,१७०.९३ | ३९,२५५.१९ | ४९,४४७.२४ |
| प्रति शेयर नेटवर्थ (रु) | १०४.५८ | १०३.३८ | १०२.०६ | १०२.१३ | १०३.४७ | १०४.३७ |
| प्रति शेयर आम्दानी (रु) | १.९५ | ३.३८ | २.०४ | २.०४ | ३.३३ | ४.३ |

आफ्नो जारी पूँजी रु. १,१३,२६,८२,१००/-(अक्षरेपी एक अर्व तेह्र करोड छब्बिस लाख बयासी हजार एक सय मात्र) को ३०% अर्थात रु. ३३,९८,०४,६००/- रकम बराबरको रु.१००।- अंकित दरका ३३,९८,०४६ कित्ता शेयरमध्ये ६७,९६१ कित्ता (२ प्रतिशत) कर्मचारीहरुलाई १,६९,९०२ कित्ता (५ प्रतिशत) शेयर सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी रहने ३१,६०,१८३/-कित्ता साधारण शेयरको सार्वजनिक निष्काशन गरिएको ।

दरखास्तसाथ प्रति शेयर रु.१००।– का दरले (शतप्रतिशत) भुक्तानी माग गरिएको

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवादेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गर्नेछ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारका प्रत्याभूत गरेको वा जिम्मेवार लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि केयर रेटिङ्गस् नेपाल लिमिटेडले २०७६/०४/२८ मा 'CARE-NP IPO Grade 4' प्रमाणपत्र प्रदान गरेको छ र यो मिति २०७७/०४/२७ सम्म मान्य रहनेछ। 'CARE-NP IPO Grade 4' ले औषत भन्दा तलको आधारहरु ( Below-Average Fundamentals ) लाई जनाउँछ। सो सम्वन्धी विवरण यस विवरणपत्रको दफा २२ (ट) मा उल्लेख गरिएको छ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति :२०७६/११/०४
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति :२०७६/११/२९
निष्काशन खुल्ला हुने मिति :२०७७/०४/१६
निष्काशन बन्द हुने मिति (छिटोमा) :२०७७/०४/२१ (बैंकिङ्ग समय पश्चात)
निष्काशन बन्द हुने मिति (ढिलोमा) :२०७७/०५/०३ (बैंकिङ्ग समय पश्चात)

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक:**

**सानिमा क्यापिटल लिमिटेड**

रजिष्टर्ड कार्यालय: शेयर मार्केट्स कमर्शियल कम्प्लेक्स दोस्रो तला, पुतलीसडक, काठमाण्डौं
फोन नं. ०१-४२२९१२४/१२५ फ्याक्स नं.-०१-४२२९१४०
Email: sanimacapital@sanimabank.com Website: www.sanima.capital

## (ख) १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क)**"विवरणपत्र"** भन्नाले सार्वजनिक रुपमा शेयर निष्काशन गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत तयार पारी प्रकाशित तथा निष्काशन कम्पनीको सन्दर्भमा लगानीकर्ताहरुलाई जानकारी दिनको लागि तयार गरिएको प्रस्तुत पुस्तिकालाई सम्झनु पर्दछ ।

ख)**"धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक"** भन्नाले सानिमा क्यापिटल लिमिटेड, पुतलीसडक, काठमाण्डौंलाई सम्झनु पर्दछ ।

ग)**"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्वन्धी प्रमाणपत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, वचतपत्र वा बण्ड सम्झनुपर्छ र सो शब्दले धितोपत्रबजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउँछ ।

घ)**"संगठित संस्था/कम्पनी"** भन्नाले सार्वजनिक निष्काशनकर्ता कम्पनी एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड, चावहिल, काठमाण्डौंलाई सम्झनुपर्दछ ।

ङ)**"संकलन केन्द्र"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई सम्झनु पर्दछ ।

च)**"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनका क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्छ ।

छ)**"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्दछ ।

ज)**"संस्थापक, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापन"** भन्नाले एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ ।

झ)**"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

## २. विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थानः

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | सानिमा क्यापिटल लिमिटेड, शेयर मार्केट कमर्शियल कप्लेक्स, दोस्रो तला, पुतलीसडक, काठमाण्डौं र वेवसाइट :www.sanima.capital |
| २. | एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड चावहिल प्लाजा-तेस्रो तला, चावहिल, काठमाण्डौं र वेवसाइट : www.nrnil.com |
| ३. | नेपाल धितोपत्र बोर्डको वेभसाइटः http://sebon.gov.np/prospectus |

| सि.नं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट स्विकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु । |

(ग)

**१.धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकको उद्घोषणः**

हामीलाई एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**२.संगठित संस्थाको उद्घोषण :**

**क) संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुको साथै निष्काशन तथा बिक्री प्रवन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सोसँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ख) संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यस एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक कम्पनीको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा पेश गरेका छौं ।

**घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उदघोषण :**

(१)यस कम्पनीका संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अध्यक्ष कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२)यस कम्पनीका सञ्चालक वा प्रमुख कार्यकारी अध्यक्ष कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा प्रमुख कार्यकारी रहेका छैनन् ।

(३)सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४)धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी छैनन् ।

(५)यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा प्रमुख कार्यकारी हुन अयोग्य रहेका छैनन् ।

**३.संगठित संस्था सम्बन्धी जानकारीः**

**क) संगठित संस्थाको पृष्ठभूमिः**

**(क) संस्थाको नामः** एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड **(NRN Infrastructure and Development Limited**) ।

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुराः**

यस एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६९/०५/३१ मा पब्लिक लिमिटेडको रुपमा दर्ता भएको हो ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना:**
यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौं जिल्ला, का.म.न.पा ७, चावहिलमा रहेको छ। सम्बन्धित निकायको स्वीकृति प्राप्त गरी अन्य विभिन्न स्थानहरुमा शाखा कार्यालय खोल्न वा रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सकिनेछ।

**(घ) कारोबार गर्ने मुख्य स्थान:** यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौं जिल्ला, का.म.न.पा ७, चावहिलमा रहेको छ।

**(ङ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु:**

**एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड अर्न्तगत स्थापना भएको कम्पनीको हालसम्मको संक्षिप्त विवरण**

- यस कम्पनी २०६९/०५/३१ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई कम्पनी ऐन २०६३ अन्तर्गत काम/कारोबार गर्दै आइरहेको छ।
- हाल यस कम्पनीमा ७९५ जना संस्थापक शेयरधनीहरु रहेका छन्। यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत, बैंक/वित्तीय क्षेत्र, शैक्षिक क्षेत्र एवं राष्ट्रिय अन्तर्राष्ट्रिय व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहनुभएको छ।
- यस कम्पनीको प्रवन्धपत्रमा व्यवस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई "क" वर्गमा उपसमुह क, ख, ग, घ, ङ, च र सर्वसाधारण शेयरधनीहरु (कर्मचारी र सर्वसाधारणहरु) लाई "ख" वर्गमा विभाजन गरिएको छ। जसमध्ये जारी पूँजीको ७० प्रतिशत शेयर **"क"** बर्गका संस्थापक शेयरधनी तथा ३० प्रतिशत **"ख"** वर्गका सर्वसाधारणहरु (कर्मचारीहरु समेत) मा निष्काशन तथा बिक्री गरी बाँडफाँड गर्ने व्यवस्था रहेको छ।

**एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड अर्न्तगत रहेको आयोजनाहरुको हालसम्मको संक्षिप्त विवरण**

कम्पनीले आफ्नो उद्देश्य बमोजिम दोर्दी खोला जलविद्युत आयोजनाको निर्माण गर्ने कम्पनी हिमालयन पावर पार्टनर लि.मा हालसम्म रु. ३८,०३,५३,९००/-(अक्षरेपी अठ्तिस करोड तिन लाख त्रिपन्न हजार नौ सय मात्र) प्रति शेयर रु. १००/- दरका ३८,०३,५३९ कित्ता शेयर खरिद गरी उक्त कम्पनीको सञ्चालक समितिमा समेत प्रतिनिधित्व गरिरहेको छ। सो आयोजना सँग सम्बन्धित सँक्षिप्त विवरणहरु निम्न बमोजिम रहेका छन्।

| | |
|---|---|
| डेभलपर | हिमालयन पावर पार्टनर लिमिटेड |
| परियोजना स्थल | लमजुङ्ग स्थित तत्कालिन छिटि, दोधेनी तथा बन्सार गा.वि.स |
| जडित क्षमता | २७ मे.वा |
| डिजाइन डिस्चार्ज | १५.२८ m३/s |
| सर्वे लाइसेन्स जारी मिति | २६ मे, २००५ |
| ग्रिड कनेक्शन सम्झौता | ७ जुलाई, २०१० |
| उत्पादन अनुमती प्राप्त मिति | ७ जुलाई, २०११ |
| विद्युत खरिद विक्रि सम्झौता मिति | १५ जुन, २०१२ |
| मुख्य सिभिल संरचनाको लागि ठेक्का सम्झौता | अप्रिल, २०१४ |
| ब्यापारिक उत्पादन शुरु हुने मिति | ३० नोभेम्वर, २०२० |
| सुख्खायाममा उत्पादन हुने उर्जा | २१.३६७ Gwh |
| बर्षायाममा उत्पादन हुने उर्जा | १२०.९५२ Gwh |
| औषत बार्षिक उर्जा उत्पादन | १४२.३१९ Gwh |
| निर्माण कार्य शुरु मिति | अप्रिल, २०१४ |
| कुल परियोजना लागत | रु ४,४९८ मिलियन |

सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड द्वारा प्रवर्द्धित मिडिल तमोर हाइड्रोपावर प्रोजेक्ट ७३ मेगावाटमा यस कम्पनीले आफ्नो नाममा कायम रहने गरी हाल सम्म रकम रु. ६,४०,००,०००/- (अक्षरेपी छ करोड चालिस लाख मात्र) प्रतिशेयर रु १००/- का दरले ६,४०,००० थान शेयर खरिद गरेको छ। यस आयोजना सँग सम्वन्धित संक्षिप्त विवरण निम्न बमोजिम रहेको छ।

| | |
|---|---|
| डेभलपर | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड |
| परियोजना स्थल | फुङ्गलिङ्ग, ताप्लेजुङ्ग |
| जडित क्षमता | ७३ मे.वा |
| डिजाइन डिस्चार्ज | ७३.७१ m३/s |
| सर्वे लाइसेन्स जारी मिति | १५ फाल्गुण, २०६४ |
| ग्रिड कनेक्शन सम्झौता | २५ फाल्गुण, २०७१ |
| उत्पादन अनुमती प्राप्त मिति | ५ जुन, २०१७ (५४ मे.वा को लागी), ३० नोभेम्बर २०१८ (१९ मे.वा को लागी) |
| विद्युत खरिद विक्रि सम्झौता मिति | २६ पौष, २०७३ (५४ मे.वा को लागी), १४ मंसिर, २०७५ (१९ मे.वा को लागी) |
| मुख्य सिभिल संरचनाको लागि ठेक्का सम्झौता | १२ अप्रिल, २०१८ |
| व्यापारिक उत्पादन शुरु हुने मिति | १३ सेप्टेम्बर, २०२१ (५४ मे.वा. को लागी), जुलाई १७, २०२२ ( १९ मे.वा. को लागी) |
| सुख्खायाममा उत्पादन हुने उर्जा | ४६.४८ Gwh |
| बर्षायाममा उत्पादन हुने उर्जा | २६३.०८ Gwh |
| औषत बार्षिक उर्जा उत्पादन | ३०९.५६ Gwh |
| निर्माण कार्य शुरु मिति | १८ जनवरी, २०१९ |
| कुल परियोजना लागत | रु १२,६८० मिलियन |

स्वेतगङ्गा हाईड्रोपावर एण्ड कन्स्ट्रक्सन लि. द्वारा निर्माणाधिन लिखु जलविद्युत आयोजना २८.१ मेगावाट मा यस कम्पनीले आफ्नो नाममा कायम रहने गरी हाल सम्म रु.१०,००,००,०००/- (अक्षरेपी दश करोड मात्र) प्रतिशेयर रु. १००/- का दरले १०,००,००० थान शेयर खरिद गरेको छ। यस आयोजना सँग सम्वन्धित सँक्षिप्त विवरण निम्न बमोजिम रहेको छ।

| | |
|---|---|
| डेभलपर | स्वेतगङ्गा हाइड्रोपावर एण्ड कन्सट्रक्सन लिमिटेड |
| परियोजना स्थल | रामेछाप जिल्ला, तत्कालीन सैंपु र विजुलीकोट गा.वि.स |
| जडित क्षमता | २८.१ मे.वा |
| डिजाइन डिस्चार्ज | २९.७५ m३/s |
| सर्वे लाइसेन्स जारी मिति | १८ जुन, २००८ |
| ग्रिड कनेक्शन सम्झौता | २५ मार्च, २०१६ |
| उत्पादन अनुमती प्राप्त मिति | १४ अप्रिल, २०१६ |
| विद्युत खरिद विक्रि सम्झौता मिति | २९ डिसेम्बर, २०१६ |
| मुख्य सिभिल संरचनाको लागि ठेक्का सम्झौता | मार्च, २०१८ |
| व्यापारिक उत्पादन शुरु हुने मिति | १ डिसेम्बर, २०२१ |
| सुख्खायाममा उत्पादन हुने उर्जा | ३०.९४ Gwh |
| बर्षायाममा उत्पादन हुने उर्जा | १३९.८९ Gwh |
| औषत बार्षिक उर्जा उत्पादन | १७०.८४ Gwh |
| निर्माण कार्य शुरु मिति | अप्रिल, २०१८ |
| कुल परियोजना लागत | रु ५,५९५ मिलियन |

माथिल्लो मैलुङ्ग खोला जलविद्युत लि. द्वारा प्रवर्द्धित माथिल्लो मैलुङ्ग खोला जलविद्युत आयोजना १४.३ मेगावाटमा यस कम्पनीले आफ्नो नाममा कायम रहने गरी हाल सम्म रकम रु. २,२५,००,०००/ (अक्षरेपी दुई करोड पच्चिस लाख मात्र) प्रतिशेयर रु १००/- का दरले २,२५,००० थान शेयर खरिद गरेको छ।

| | |
|---|---|
| डेभलपर | माथिल्लो मैलुङ्ग खोला जलविद्युत लिमिटेड |
| परियोजना स्थल | उत्तरगया गाउँपालिका वडा नं. ०१ |
| जडित क्षमता | १४.३ मे.वा |
| डिजाइन डिस्चार्ज | ३.५३ m३/s |
| सर्बे लाइसेन्स जारी मिति | १० पौष, २०६३ |
| ग्रिड कनेक्शन सम्झौता | १५ भाद्र, २०६७ |
| उत्पादन अनुमती प्राप्त मिति | ७ चैत्र, २०७३ |
| विद्युत खरिद विक्रि सम्झौता मिति | २३ भाद्र, २०६८ |
| मुख्य सिभिल संरचनाको लागि ठेक्का सम्झौता | ८ फाल्गुण, २०७५ |
| ब्यापारिक उत्पादन शुरु हुने मिति | १६ असार, २०७८ |
| सुख्खायाममा उत्पादन हुने उर्जा | १३.१६५ Gwh |
| बर्षायाममा उत्पादन हुने उर्जा | ६६.५०४ Gwh |
| औषत बार्षिक उर्जा उत्पादन | ७९.६७ Gwh |
| निर्माण कार्य शुरु मिति | २८ जेष्ठ २०७६ |
| कुल परियोजना लागत | रु.२,५०० मिलियन |

यसका साथै कम्पनीले अन्य विद्युत खरीद सम्झौता भईसकेको कम्पनीहरुसँग रहेको लगानी अवसरहरुलाई अवलोकन गरेर लगानी गर्ने प्रक्रियामा रहेको छ ।

**यस एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड को प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही जलविद्युत उत्पादन कारोवार गर्ने यस कम्पनीका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-**

(क) पानी, तापिय वायु, सौर्य आदि प्राथमिक उर्जाको स्रोतको प्रयोगबाट विद्युत शक्ति उत्पादन गरी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विद्युत प्रणाली प्रयोग गरी प्रसारण गर्ने, गराउने । सो उद्देश्य पुरा गर्नको लागि आवश्यक परेमा निर्माणाधीन वा निर्माण भईसकेको, संचालनमा आएको वा नआएको जलविद्युत वा भौतिक पूर्वाधारको परियोजना संचालन गर्ने,गराउने ।

(ख) उत्पादित विद्युतलाई IPMO (Independent Power Market Operator) को रूपमा विद्युत खरिद गरी आफैले वा अन्य कम्पनीलाई वितरण गरी विद्युत उपभोक्तालाई सेवा पुऱ्याउने ।

(ग) विद्युत उत्पादन, प्रसारण तथा वितरण सम्बन्धी रिसर्च (अनुसन्धान), तालिम, परामर्श सेवा प्रदान गर्ने र आवश्यक अन्य कार्यहरु गर्ने । विद्युत प्रशारण लाईनको निर्माण र संचालन गर्ने, गराउने

(घ) कम्पनीको उद्देश्य सफल गर्न विभागीय स्वीकृति लिई विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ र यसको बेलाबेलामा हुने संशोधनको अधिनमा रही विदेशी औद्योगिक तथा प्राविधिक फर्म, कम्पनीहरूको सहयोग, प्राविधिक एवं अन्य सहायता लिने, परामर्श लिने, तिनीहरूलाई कम्पनीको काममा सरिक गराउने, तिनीहरूसँग सम्झौता गर्ने ।

(ङ) विभिन्न जलविद्युत परियोजना, पर्यटन, सुरुङ मार्ग, रेल मार्ग, राजमार्ग, होटल व्यवसाय, विमा, सञ्चार क्षेत्र आदि क्षेत्रमा लगानी गर्ने, गराउने ।

(च) जलविद्युत आयोजना निर्माण गर्ने र आवश्यक परामर्श सेवा उपलब्ध गराउने ।

(छ) स्वदेशी तथा सम्बन्धित निकायहरूबाट स्वीकृति लिई विदेशी व्यक्ति वा कम्पनीहरूसँग सम्झौता गरी निजी स्वामित्वमा हाइड्रोपावर सम्बन्धी Design Drawing तथा निर्माण सम्बन्धी काम गर्ने र विद्युत उत्पादन गरी विक्रि वितरण गर्ने, गराउने ।

(ज) विद्युत उत्पादन सम्बन्धी Micro-Hydro, Wind Power, Solar Power, र अन्य नविकरणीय (Renewable) ऊर्जा, Diesel (Thermal) Power, Design सम्बन्धी आवश्यक प्राविधिक परामर्श सेवा (Engineering Consultancy Service) निर्माण तथा निरिक्षण सुपरिवेक्षण सेवा उपलब्ध गराउने ।

(झ) जलविद्युत उत्पादन गर्न आवश्यक परामर्श सेवा (Engineering Design Consultancy Service) निरिक्षण, सुपरिवेक्षण सेवा (Construction Supervision Service) उपलब्ध गराउने ।

(ञ) उत्पादन गरिएको विद्युत प्रचलित कानून बमोजिम स्वदेश तथा विदेशमा विक्री वितरण गर्ने, गराउने ।

(ट) विभिन्न प्रकारका इन्जिनियरिङ्गसँग सम्बन्धित आयोजनाहरूको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्न आवश्यक सेवा उपलब्ध गर्ने, गराउने ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)** : सो नभएको

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागू हुने हदसम्म)**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु**

यस कम्पनीले प्रदान गर्ने सेवाहरु - जलविद्युत साथै अन्य पुर्वाधार सम्बन्धि आयोजनाहरुको निर्माण, संचालन र व्यवस्थापन गर्ने कम्पनीहरुमा शेयर वा ऋण लगानी गर्ने ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि** : यस कम्पनीको मुख्य उद्देश्य जलविद्युत उत्पादन तथा अन्य पुर्वाधार सम्बन्धि कार्य गर्ने कम्पनीहरुमा लगानी गर्ने हुँदा कुनै प्रविधि प्रयोग आवश्यक नभएको ।

**(३) कुनै ब्राण्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र वित्तीय संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार** : सो नभएको ।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्रः** हालसम्म स्वपुँजीको रुपमा लगानी गरेको हिमालयन पावर पार्टनर लिमिटेड द्वारा प्रबर्द्धित दोर्दी खोला जलविद्युत आयोजना २७ मे.वा., सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड द्वारा प्रबर्द्धित मिडिल तमोर जलविद्युत आयोजना ७३ मे.वा.,स्वेतगङ्गा हाइड्रोपावर एण्ड कन्सट्रक्सन लिमिटेड द्वारा प्रबर्द्धित तल्लो लिखु जलविद्युत आयोजना २८.१ मे.वा., माथिल्लो मैलुङ्ग खोला जलविद्युत लिमिटेड द्वारा प्रबर्द्धित माथिल्लो मैलुङ्ग खोला जलविद्युत आयोजना १४.३ मे.वा. का जलविद्युत आयोजनाहरु रहेका छन् । अन्य आयोजनाहरु पनि छनौटको क्रममा रहेका छन् ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः** थप नयाँ जलविद्युत उत्पादन, प्रशारण तथा वितरणका साथै अन्य पुर्वाधार सम्बन्धि आयोजना निर्माण गर्ने कम्पनीहरुमा लगानी गर्ने ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका** : उर्जा तथा अन्य पुर्बाधार सम्बन्धि आयोजना निर्माण गर्ने कम्पनीहरुमा लगानी गर्ने र सो वापत लाभांश प्राप्त गर्ने ।

**(१०) अनुसन्धान तथा विकास** : लागु नहुने ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको वाधा व्यवधान** : सो नभएको ।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण** : सो नभएको ।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरुबीच संगठित संस्थाको स्थितिः** जलविद्युत उत्पादन, प्रसारण तथा वितरणका साथै अन्य पुर्वाधार सम्बन्धि आयोजनाहरुको निर्माण, संचालन र व्यवस्थापन गर्ने कम्पनीहरुमा लगानी गर्ने उद्देश्यले स्थापित संस्था भएको हुँदा नेपाली लगानीकर्ताको लागि यो लाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोवारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण)** : लागु नहुने ।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै- संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण)** : लागु नहुने ।

**ख) सम्पत्तिको विवरण :**

**(क)संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

कम्पनीको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था निम्न बमोजिम रहेको छ :

| सि. न. | विवरण | परल मूल्य | ह्रास कट्टि (अश्विन मसान्तसम्म) | २०७६ अश्विन मसान्तसम्मको अपरिष्कृत मूल्य | उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान |
|---|---|---|---|---|---|
| १. | फर्निचर, फिक्चर्स र कार्यालय उपकरणहरु | ८,९३,८५८/- | ७,४७,९०१/- | १,४५,९५७ /- | चावहिल, काठमाडौं । फर्निचर, फिक्चर्स र कार्यालय उपकरणहरु कार्यालयमा यथावत रहेको । |
| २. | जलबिद्युत कम्पनीमा लगानी | ३८,०३,५३,९००/- | | ३८,०३,५३,९००/- | हिमालयन पावर पार्टनर लिमिटेड (२७ मे.वा. दोर्दी खोला जलविद्युत आयोजना) को संस्थापक शेयरमा लगानी । सो कम्पनी नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भएको । |
| ३. | जलबिद्युत कम्पनीमा लगानी | ६,४०,००,०००/- | | ६,४०,००,०००/- | सानिमा मिडिल तमोर हाइड्रोपावर लि (मिडिल तमोर हाइड्रोपावर प्रोजेक्ट ७३ मे.वा.) को संस्थापक शेयरमा लगानी । सो कम्पनी नेपाल स्टक एक्सचेन्जमा हालसम्म सुचिकृत नभएको । |
| ४. | जलबिद्युत कम्पनीमा लगानी | १०,००,००,०००/- | | १०,००,००,००० /- | स्वेतगङ्गा हाइड्रोपावर एण्ड कन्सट्रक्सन लिमिटेड (तल्लो लिखु हाइड्रोपावर प्रोजेक्ट २८.१ मे वा) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | को संस्थापक शेयरमा लगानी । सो कम्पनी नेपाल स्टक एक्सचेन्जमा हालसम्म सुचिकृत नभएको । |
| ५. | जलबिद्युत कम्पनीमा लगानी | २,२५,००,०००/- | | २,२५,००,०००/- | माथिल्लो मैलुङ्ग खोला जलविद्युत लि. (माथिल्लो मैलुङ्ग खोला हाइड्रोपावर प्रोजेक्ट (१४.३ मे वा) को संस्थापक शेयरमा लगानी । सो कम्पनी नेपाल स्टक एक्सचेन्जमा हालसम्म सुचिकृत नभएको । |
| ६. | जलबिद्युतमा लगानी गर्ने कम्पनीमा लगानी | ५६,४८,०००/- | | ५६,४८,०००/- | जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड को सर्वसाधारण शेयरमा लगानी । सो कम्पनी नेपाल स्टक एक्सचेञ्जमा सुचिकृत भएको । सो कम्पनीबाट ५,६४८ कित्ता बोनश शेयर समेत प्राप्त । ( हाल यस कम्पनीको कुनै प्रकारको शेयर स्वामित्व नरहेको ।) |
| ७. | मुद्दति खातामा लगानी | २१,८३,९१,०००/- | | २१,८३,९१,०००/- | 'क' वर्गको वाणिज्य बैंकहरुमा छोटो अवधिको मुद्दतीमा रहेको । |
| | **कुल** | | | **७९,१०,३८,८५७/–** | |

**(ख) बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने):** उक्त बुँदामा उल्लेखित सम्पत्ति कम्पनीको आफ्नै हो ।

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण:** सो नभएको ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण:**

परल मोलमा नियम अनुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तिलाई सम्पत्तिको रुपमा राखिएको छ । कम्पनीको शेयरमा भएको लगानी मध्ये जलविद्युत्त लगानी तथा विकास कम्पनी लि. को शेयर (६२,१२८ कित्ता) मात्र कारोबार गर्न योग्य रहेको छ । सो सम्पूर्ण शेयरको बजार मूल्य आजको मूल्यमा कम्पनीको किताबी मूल्यभन्दा बढी रहेको छ ।

**(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण: लागु नहुने ।**

**<u>ग) भावी योजना तथा रणनीति:</u>**

**(क) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्रािप्तका लागि चालिने समयवद्ध रणनीति:**

यस कम्पनीले जलविद्युत उत्पादनमा केन्द्रित कम्पनीमा ऋण वा शेयर पूँजी लगानी गरि प्रतिफल प्राप्त गर्ने उद्देश्यले विभिन्न प्रस्तावित जलविद्युत आयोजनाको दक्ष विशेषज्ञद्वारा विस्तृत व्यवसायिक सम्भाव्यताको अध्ययन गराई प्राप्त निष्कर्षको आधारमा लगानी सम्वन्धि निर्णय गर्दे आएको छ साथै भविष्यमा पनि यसै रणनीतिलाई अवलम्बन गर्दै पुर्वाधार आयोजना एवं राष्ट्रिय गौरवका आयोजना निर्माण गर्ने कम्पनीहरुमा लगानी गर्ने छ ।

कम्पनीले आफ्नो व्यवसाय/सेवाको बृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार छन् ।

- कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएको जलविद्युत आयोजना निर्माण गर्ने कम्पनीहरुमा लगानी गर्ने ।
- कम्पनीको उद्देश्य प्राप्तिका लागी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसँग सम्पर्क विस्तार गर्दै जाने ।
- कम्पनीको कारोवारलाई नियमित रुपमा बृद्धि गर्दै लगानीकर्तालाई यथोचित प्रतिफल दिन प्रयत्नशील रहने ।
- अन्तराष्ट्रिय Funding Agencies र Investors बाट दिर्घकालिन अन्तर्राष्ट्रिय कोष आकर्षित गर्न पहल गर्ने कार्यलाई निरन्तरता दिने, लगानी बैठकहरु आयोजना गर्ने र सहभागी हुने ।
- बैदेशिक रोजगारीमा गएका नेपालीहरुलाई समेट्ने गरि रेमिट्यान्स हाइड्रोको अवधारणा मार्फत लगानी जुटाई मझौला तथा ठुला जलविद्युत आयोजनाहरुमा लगानी गर्न आवश्यक पूर्वाधारहरु तयार गर्ने र कम्पनीको तर्फबाट आवश्यक लगानी गर्ने ।

**(ख) प्रतिष्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

यस कम्पनीले मुख्य रुपमा जलविद्युत आयोजनाको निर्माण तथा सञ्चालन गर्ने कम्पनीहरूमा लगानी गर्ने भएकाले नेपाल सरकार विद्युत विकास विभागबाट लमजुङ्ग जिल्लास्थित दोर्दी खोला जलविद्युत आयोजना (२७.० मे.वा.) को विद्युत उत्पादनको अनुमति-पत्र प्राप्त गरी नेपाल विद्युत प्राधिकरणसँग आयोजनाले उत्पादन गर्ने जलविद्युतको खरिद-बिक्री सम्बन्धी सम्झौता समेत गरी आयोजनाको भौतिक संरचनाहरूको निर्माण कार्य प्रबर्द्धक कम्पनी हिमालयन पावर पार्टनर लि.ले अगाडी बढाइरहेको छ ।

**हिमालयन पावर पार्टनर लि.**को शेयरमा हालसम्म यस कम्पनीले रु.३८,०३,५३,९००/- (अठ्तिस करोड तिन लाख त्रिपन्न हजार नौ सय मात्र) लगानी गरेको छ । दोर्दी खोला जलविद्युत आयोजनाको भौतिक संरचनाहरूको निर्माण कार्यमा हालसम्म भएको प्रगति सम्बन्धी संक्षिप्त विवरण देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| डेभलपर | हिमालयन पावर पार्टनर लिमिटेड |
| परियोजना स्थल | लमजुङ्ग स्थित तत्कालिन छिटि, दोधेनी तथा बन्सार गा.वि.स |
| जडित क्षमता | २७ मे.वा. |
| डिजाइन डिस्चार्ज | १५.२८ m३/s |
| सर्बे लाइसेन्स जारी मिति | २६ मे, २००५ |
| ग्रिड कनेक्शन सम्झौता | ७ जुलाई, २०१० |
| उत्पादन अनुमती प्राप्त मिति | ७ जुलाई, २०११ |
| विद्युत खरिद विक्रि सम्झौता मिति | १५ जुन, २०१२ |
| मुख्य सिभिल संरचनाको लागि ठेक्का सम्झौता | अप्रिल, २०१४ |
| ब्यापारिक उत्पादन शुरु हुने मिति | १२ अप्रिल, २०२० |
| सुख्खायाममा उत्पादन हुने उर्जा | २१.३६७ Gwh |
| बर्षायाममा उत्पादन हुने उर्जा | १२०.९५२ Gwh |
| औषत बार्षिक उर्जा उत्पादन | १४२.३१९ Gwh |
| निर्माण कार्य शुरु मिति | अप्रिल, २०१४ |
| कुल परियोजना लागत | रु ४,४९८ मिलियन |

**स्वेतगङ्गा हाईड्रोपावर एण्ड कन्स्ट्रक्सन लि. द्वारा** निर्माणाधिन जलविद्युत आयोजना तल्लो लिखु जलविद्युत आयोजना २८.१ मेगावाटमा यस कम्पनीले आफ्नो नाममा कायम रहने गरी हाल सम्म रु.१०,००,००,०००/- (अक्षरेपी दश करोड मात्र) प्रतिशेयर रु. १००/- का दरले १०,००,००० थान शेयर खरिद गरेको छ । उक्त कम्पनीसँग भएको द्विपक्षिय समझदारी (MOU) अनुरुप थप लगानी गर्नुपर्ने छैन ।

**सानिमा मिडिल तमोर हाइड्रोपावर लि. द्वारा** प्रवर्द्धित सानिमा मिडिल तमोर हाइड्रोपावर प्रोजेक्ट ७३ मेगावाटमा यस कम्पनीले आफ्नो नाममा कायम रहने गरी हाल सम्म रु. ६,४०,००,०००/- (अक्षरेपी छ करोड चालिस लाख मात्र) प्रतिशेयर रु १००/- का दरले ६,४०,००० थान शेयर खरिद गरेको छ ।

**माथिल्लो मैलुङ्ग खोला जलविद्युत लिमिटेडद्वारा** प्रवर्द्धित माथिल्लो मैलुङ्ग खोला जलविद्युत आयोजना १४.३ मेगावाटमा यस कम्पनीले आफ्नो नाममा कायम रहने गरी हाल सम्म रकम रु. २,२५,००,०००/- (अक्षरेपी दुई करोड पच्चिस लाख मात्र) प्रतिशेयर रु १००/- का दरले २,२५,००० थान शेयर खरिद गरेको छ । साथै उक्त कम्पनीसँग भएको द्विपक्षिय समझदारी (MOU) अनुरुप भविष्यमा थप लगानी गर्नेछ ।

यस कम्पनीले विद्युत खरीद सम्झौता भईसकेका कम्पनीहरुमा लगानीको व्यवसायिक संभाव्यता विश्लेषण गर्न सो कम्पनीहरुसंग आवश्यक विवरण लिई मूल्याङ्कन कार्य अगाडी बढाईसकेको छ । सो मूल्याङ्कन कार्यमा लगानी निहित जोखिम, लगानीको प्रतिफल, राष्ट्रिय स्तरमा सो कम्पनीको योगदान र अन्य विविध पक्षहरुलाई ध्यानपूर्वक अध्ययन गरिनेछ ।

तसर्थ देशमा माग भए बमोजिम विद्युत आपूर्तिको कमी रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय काम भएकोले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसँग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत तथा अन्य पुर्वाधार लगानीको क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ । नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा विद्युत माग र पूर्ति बीच अन्तर रहेको छ । जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके सो जलविद्युतलाई नेपाल लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिन्छ । त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुन सक्ने सम्भावना ज्यादै न्यून रहेको छ । यसर्थ कम्पनीले आफ्नो व्यवसायको निरन्तरताका लागि अगाडी बढाएका जलविद्युत आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य वस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

घ)सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था

**संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनुको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :**

यस कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ११ (एघार) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| संस्थापक समूहका शेयरधनीहरुबाट निर्वाचित | ६ (छ) जना |
| सर्वसाधारण समूहका शेयरधनीहरुबाट निर्वाचित | ३ (तीन) जना |
| स्वतन्त्र सञ्चालक | २ (दुई) जना |
| **जम्मा** | **११ (एघार) जना** |

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १,००० (एक हजार) कित्ता शेयर लिएको हुनुपर्नेछ । तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

**४.पूँजी संरचना सम्बन्धी जानकारी:**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत् सम्बन्धी विवरण :**

**अधिकृत पूँजी :** कम्पनीको अधिकृत पूँजी रु. ५,००,००,००,०००।- (अक्षरेपी पाँच अर्ब मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००।– का दरले ५,००,००,००० (पाँच करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**जारी पूँजी** : कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु १,१३,२६,८२,१००।- (अक्षरेपी एक अर्ब तेह्र करोड छब्बिस लाख बयासी हजार एक सय मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००।– का दरले १,१३,२६,८२१ (एक करोड तेह्र लाख छब्बिस हजार आठ सय एक्काइस) थान शेयरमा विभाजन गरिएको छ ।

**चुक्ता पूँजी:** हाल कम्पनीको चुक्ता पूँजी रु. ७९,२८,७७,५००/- (अक्षरेपी उनान्असी करोड अठ्ठाईस लाख सतहत्तर हजार पाँच सय मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००।– का दरले ७९,२८,७७५ (उनान्असी लाख अठ्ठाईस हजार सात सय पचहत्तर मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

सर्वसाधारणको लागि यस विवरणपत्र मार्फत रु ३३,९८,०४,६००/–(अक्षरेपी तेत्तिस करोड अन्ठान्नब्बे लाख चार हजार छ सय रुपैंया मात्र) बराबरको शेयर निष्काशन गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु १,१३,२६,८२,१००।- (अक्षरेपी एक अर्ब तेह्र करोड छब्बिस लाख बयासी हजार एक सय मात्र) हुनेछ ।

**संस्थाको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवर्तन भएको छ :**

| क्र.सं | आ. व. | अधिकृत पूँजी | जारी पूँजी | चुक्ता पूँजी |
|---|---|---|---|---|
| १ | २०६९/०७० | रु. ५,००,००,००,००० /– | रु. ५,००,००,००,००० /– | रु. २४,७५,२९,०३८/- |
| २ | २०७०/ ०७१ | रु. ५,००,००,००,००० /– | रु. ५,००,००,००,००० /– | रु. ३९,८३,३८,९८८/– |
| ३ | २०७१/०७२ | रु. ५,००,००,००,००० /– | रु. ५,००,००,००,००० /– | रु. ५५,१३,१२,९०० /- |
| ४ | २०७२/०७३ | रु. ५,००,००,००,००० /– | रु. ५,००,००,००,००० /– | रु. ५५,१४,१२,९०० /- |
| ५ | २०७३/०७४ | रु. ५,००,००,००,००० /– | रु. १,०९,७७,७६,३००/– | रु. ७३,५६,९८,९०० /- |
| ६ | २०७४/०७५ | रु. ५,००,००,००,००० /– | रु. १,१३,२६,८२,१०० /– | रु. ७९,२८,७७,५०० /- |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी प्रतिशत (%) | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ७९,२८,७७५ | ७० % | ७९,२८,७७,५००/- | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | ३३,९८,०४६ | ३० % | ३३,९८,०४,६००/- | ” |
| जम्मा | | १,१३,२६,८२१ | १००% | १,१३,२६,८२,१००/- | शतप्रतिशत |

**नोट : सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम रु. ३३,९८,०४,६००/- चुक्ता हुन बाँकी रहेको छ ।**

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्)**
निष्काशित शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरिएको हुँदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको ।

**५.संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :**
**क) संस्थापक/सञ्चालकको पृष्ठभूमि:**
**(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीहरुको विवरण:**

| क्र. सं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री जीवनाथ लामिछाने | कार्यकारी अध्यक्ष | ५२ | नेपाली | चितवन | ८०,६४३ | स्नातकोत्तर | २५ बर्ष भन्दा बढि समय देखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सफल उद्यमीको रुपमा परिचित, गैह्र आवासिय नेपाली संघको पुर्व अध्यक्ष, रसिया स्थित टेक्नोल्यान्ड कम्पनी लि. मा डाइरेक्टर तथा साझेदारको रुपमा आठ बर्षको अनुभब, प्रधानमन्त्री मातहतको आर्थिक परामर्श परिषद्मा सदस्यको रुपमा सन् २०११ मा नियुक्त, सानिमा हाइड्रोपावर लि., मेडीकेयर नेशनल हस्पिटल एण्ड रिसर्च सेन्टर लि., सानिमा बैंक लि., कान्तिपूर टेलिभिजन नेटवर्क प्रा.लि., कान्तिपूर/एक्मी इन्जिनियरिङ्ग कलेज, सोपान मल्टिपल, होटल अकामा प्रा.लि. र ट्रिप ईन होटल्स जर्मनीमा आवद्ध, प्रवल जनश्री पदक बाट विभुषित । |
| २. | एनआरएन अष्ट्रेलिया हाइड्रो ग्रुप प्रा.लि । | | | | अष्ट्रेलिया | ६५८,२६२ | लागु नहुने | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | नेपाल इन्भेष्टमेन्ट कम्पनी | | | | अमेरिका | ३४१,५०५ | लागु नहुने | |
| ४. | श्री कृष्ण प्रसाद पाण्डे | संस्थापक | ५३ | नेपाली | अर्घाखाँची | १०७,५२४ | स्नातक | सानिमा माई हाइड्रोपावर लि., सानिमा लाईफ इन्स्योरेन्स लि. मा संस्थापक शेयरधनी, हङकङ स्थित होलिडे ट्राभल एण्ड टुर्स लि. मा संग्लग्न, डोडपानी डटकममा प्रबन्धक, के.एम.ई. फाइनान्स लि. को संस्थापक, सन् २०१३ देखी हङकङको लागि एफएनसिसिआई को मानार्थ दुत । |
| ५. | श्री विश्वनाथ पौडेल | संस्थापक | ४४ | नेपाली | शान्तिचोक, चितवन | १०७,५२४ | विद्यावारिधी | अर्थविद्, अन्तराष्ट्रिय श्रमिक संगठनमा आर्थिक सल्लाहकार, काठमाण्डौं विश्वविद्यालय अर्न्तगत स्कुल अफ म्यानेजमेन्टमा कार्यरत । |
| ६. | श्री कमल लामिछाने | संस्थापक | ३८ | नेपाली | चितवन | १०७,५२४ | विद्यावारिधी | जाइका रिसर्च इन्स्टिच्युटका शोधकर्ता, हाल हार्वड विश्वविद्यालयमा Visiting Scholar, सुकुबा विश्वविद्यालय, जापानमा सहप्राध्यापकका रुपमा कार्यरत । |
| ७. | श्री विनोद कुँवर | संस्थापक | ४७ | नेपाली | कोरिया | १०७,५२४ | एस.एल.सी | बिआर इन्टरनेशनल प्रा. लि. का संस्थापक । |
| ८. | श्री केशव प्रसाद सापकोटा | संस्थापक | ४७ | नेपाली | चितवन | १०७,५२४ | स्नातक | हिमालय इन्भेष्टमेन्ट, अस्ट्रेलियामा कार्यरत । |
| ९. | श्री उदय राज कँडेल | संस्थापक | ५० | नेपाली | चितवन | १०७,५२४ | स्नातकोत्तर | नेपालमा सरकारी सेवामा १० बर्ष भन्दा बढीको अनुभव। जपानमा १७ बर्ष देखि अन्तर्राष्ट्रिय ब्यापारमा संलग्न । टि.क्यु.एम इन्टरनेशनल कम्पनी लिमिटेडका संस्थापक । |
| १०. | श्रीमती उर्मिला उप्रेती | संस्थापक | ४२ | नेपाली | मोरङ्ग | १०७,५२४ | स्नातकोत्तर | साउदर्न क्रश केयर NSW & Act Careers मा कार्यरत । |
| ११. | श्री कुमार प्रसाद पन्त | संस्थापक | ४३ | नेपाली | गोरखा | ८०,६४३ | स्नातक | गैह्र आवासिय नेपाली संघका वर्तमान अध्यक्ष, जर्मन स्थित होटल एभरेष्ट फ्रान्क्फर्टका संस्थापक । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२. | श्री महेश कुमार श्रेष्ठ | संस्थापक | ४८ | नेपाली | पर्वत | ८०,६४३ | स्नातकोत्तर | गैह्र आवासिय नेपाली संघका वर्तमान कोषाध्यक्ष, जापान स्थित सिटी एक्सप्रेस मनि ट्रान्सफर मा अध्यक्ष, सिटी एक्सप्रेस मनि ट्रान्सफर प्रा.लि मा सञ्चालक, तोनान् कम्पनी लि. मा अध्यक्ष, सेन्टर फर पावर डेभलपमेण्ट प्रा.लि मा सन् २००८ देखी सञ्चालक, हाड्रोपावर तथा वित्तीय क्षेत्रमा १५ बर्ष भन्दा वढिको अनुभव । |
| १३. | श्री उपेन्द्र महतो | संस्थापक | ६३ | नेपाली | सिराहा | ८०,६४३ | विद्यावारिधी | लामो समय देखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सफल उद्यमीको रुपमा परिचित, गैह्र आवासिय नेपाली संघको संस्थापक अध्यक्ष, डि.एस.सी. (डाक्टर अफ साइन्स), मेडिसिटी हस्पिटल, सानिमा हाइड्रोपावर प्रा.लि., मेडीकेयर नेशनल हस्पिटल एण्ड रिसर्च सेन्टर लि., सानिमा बैंक लि., कान्तिपूर टेलिभिजन नेटवर्क प्रा.लि., कान्तिपूर/ एक्मी इन्जिनियरिङ्ग कलेज, साविकको स्ट्याण्डर्ड फाइनान्स र सोपान मल्टिपलमा आवद्ध । |

**सञ्चालकहरुको विवरण :**

| क्र.सं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री जीवनाथ लामिछाने | कार्यकारी अध्यक्ष | ५२ | नेपाली | चितवन | ८०,६४३ | स्नातकोत्तर | २५ बर्ष भन्दा बढि समय देखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सफल उद्यमीको रुपमा परिचित, गैह्र आवासिय नेपाली संघको पुर्व अध्यक्ष, रसिया स्थित टेक्नोल्यान्ड कम्पनी लि. मा डाइरेक्टर तथा साझेदारको रुपमा आठ बर्षको अनुभव, प्रधानमन्त्री मातहतको आर्थिक परामर्श परिषद्मा सदस्यको रुपमा सन् २०११ मा नियुक्त, सानिमा हाइड्रोपावर लि., |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | मेडीकेयर नेशनल हस्पिटल एण्ड रिसर्च सेन्टर लि., सानिमा बैंक लि., कान्तिपूर टेलिभिजन नेटवर्क प्रा.लि., कान्तिपूर/एक्मी इन्जिनियरिङ्ग कलेज, सोपान मल्टिपल, होटल अकामा प्रा.लि. र ट्रिप ईन होटल्स जर्मनीमा आवद्ध, प्रवल जनश्री पदक बाट विभुषित । |
| २. | श्री शेष घले | संचालक | ६२ | नेपाली | अष्ट्रेलिया | ५३,७६२ | विद्यावारिधी | गैह्र आवासिय नेपाली संगठन को पुर्व अध्यक्ष, नेपालको तर्फबाट अष्ट्रेलियाको भिक्टोरियामा सन् १९९७ देखी २००० सम्म मानार्थ कन्सुलर जनरल, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवसायमा १५ बर्ष भन्दा बढिको अनुभव, अष्ट्रेलिया स्थित मेलबर्न इन्स्टिच्युट अफ टेक्नोलोजी प्रा.लि मा सन् १९९६ देखी प्रमुख कार्यकारी अधिकृत तथा सञ्चालक, एमआइटी ग्रुप फाउन्डेशन अष्ट्रेलिया लि. मा अध्यक्ष, |
| ३. | श्री कृष्ण प्रसाद पाण्डे | संचालक | ५३ | नेपाली | अर्घाखाँची | १०७,५२४ | स्नातक | सानिमा माई हाइड्रोपावर लि., सानिमा लाईफ इन्स्योरेन्स लि. मा संस्थापक शेयरधनी, हङकङ स्थित होलिडे ट्राभल एण्ड टुर्स लि. मा संलग्न, डोडपानी डटकममा प्रबन्धक, के.एम.ई. फाइनान्स लि. को संस्थापक, सन् २०१३ देखी हङकङको लागि एफएनसिसिआई को मानार्थ दुत । |
| ४. | श्री बाल कृष्ण गुरुङ्ग | संचालक | ५४ | नेपाली | लमजुङ्ग | ६,४५२ | स्नातक | भूतपुर्व ब्रिटिस गोर्खा सैनिक को रुपमा २५ बर्ष सेवा गरी सेवा निवृत, सेक्युरिटिज कम्पनीमा विगत चार बर्षदेखी व्यवस्थापक, विभिन्न सामाजिक संघ संस्थामा आवद्ध । |
| ५. | श्री महेश कुमार श्रेष्ठ | संचालक | ४८ | नेपाली | पर्वत | ८०,६४३ | स्नातकोत्तर | गैह्र आवासिय नेपाली संघका वर्तमान कोषाध्यक्ष, जापान स्थित सिटी एक्सप्रेस मनि ट्रान्सफरमा अध्यक्ष, सिटी एक्सप्रेस मनि ट्रान्सफर प्रा.लि नेपालमा सञ्चालक, तोनान् |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | कम्पनी लिमिटेडमा अध्यक्ष, सेन्टर फर पावर डेभलपमेण्ट प्रा.लि मा सन् २००८ देखी सञ्चालक, हाड्रोपावर तथा वित्तीय क्षेत्रमा १५ बर्षभन्दा वढिको अनुभब । |
| ६. | श्री रामेश्वर शाह | संचालक | ५४ | नेपाली | काठमाण्डौ | ५,३७७ | स्नातक | केन्द्रिय श्रम परामर्श परिषदमा सदस्य, आउटसोर्सिङ्ग एशोसिएसन नेपालको अध्यक्ष, गैह्र आवासिय नेपाली संघको पुर्व उपाध्यक्ष, केटिएम ग्रुप को अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत ,(यस अन्तर्गत केटिएम सेक्युरिटि सर्भिसेज प्रा.लि.,केटिएम नेपाल प्रा.लि., केटिएम मोटर प्रा.लि., केटिएम फेसिलिटि म्यानेजमेन्ट प्रा.लि., केटिएम एचआर सोलुसोन प्रा.लि., केटिएम ट्रेनिङ्ग एण्ड कन्सल्टेन्सि सर्भिसेज प्रा.लि., केटिएम होल्डिङ्ग प्रा.लि., केटिएम स्टोर प्रा.लि., केटिएम इन्टरनेशनल प्रा.लि. पर्दछन्), २५ बर्ष भन्दा बढि सेक्युरिटि तथा आउटसोर्सिङ्ग व्यवसायमा संलग्न । |

यस कम्पनीको कार्यकारी अध्यक्षको रुपमा श्री जीवनाथ लामिछाने रहनु भएको छ। चितवन स्थायी बसोबास भएका लामिछानेले एम.एस.सी. (सिभिल इन्जिनियरिङ्ग) सम्मको अध्ययन पुरा गर्नुभएको छ भने सानिमा हाइड्रोपावर लि., मेडीकेयर नेशनल हस्पिटल एण्ड रिसर्च सेन्टर लि., सानिमा बैंक लि., कान्तिपूर टेलिभिजन नेटवर्क प्रा.लि., कान्तिपूर/एक्मी इन्जिनियरिङ्ग कलेज, सोपान मल्टिपल, होटल अकामा प्रा.लि. र नेक्टार इन्टरनेशनल लगायतका संघ संस्थामा आवद्ध रहदै आउनुभएको छ। गैर आवासिय नेपाली संघका संस्थापक सदस्य तथा पुर्व अध्यक्ष समेत रहनु भएका लामिछाने विभिन्न साहित्यिक तथा समाज सेवा लगायतका संघ संस्थासंग आवद्ध रहदै आउनुभएको छ। उहाँलाई सन् २०१३ मा तत्कालीन राष्ट्रपति रामवरण यादवज्यूबाट आर्थिक/सामाजिक क्षेत्रमा पुऱ्याउनु भएको योगदानको कदर स्वरुप प्रज्वल सेवाश्री पदकबाट विभुषित समेत गरिएको थियो ।

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :** सो नभएको ।

**(ग) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

कम्पनीका सञ्चालकहरु आवद्ध रहेका अन्य कम्पनी, संस्था, कोष, संगठन वा फर्महरुको विवरण देहाय अनुसार छ :

| सि.नं. | संचालकको नाम, ठेगाना | आवद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १. | श्री जीवनाथ लामिछाने | अध्यक्ष- हिमालयन पावर पार्टनर लिमिटेड<br>सञ्चालक-कान्तिपुर टेलिभिजन नेटवर्क प्रा. लि.<br>सञ्चालक-मेडिकेयर नेसनल हस्पिटल एण्ड रिसर्च सेन्टर लि.र एनआरएन संघका पूर्व अध्यक्ष |
| २. | श्री कृष्ण प्रसाद पाण्डे | प्रमुख कार्यकारी अधिकृत-होलिडे नेपाल ट्राभल्स एण्ड टुर्स लिमिटेड |
| ३. | श्री महेश कुमार श्रेष्ठ | सञ्चालक-हिमालयन पावर पार्टनर लिमिटेड |

| | | |
|---|---|---|
| | | अध्यक्ष तथा सञ्चालक- सिटी एक्सप्रेस मनि ट्रान्सफर प्रा.लि. |
| ४. | श्री रामेश्वर शाह | अध्यक्ष तथा प्रमुख कार्यकारी- केटिएम ग्रुप अन्तर्गतका विभिन्न कम्पनीहरुमा । |
| ५. | श्री शेष घले | पूर्व अध्यक्ष- एनआरएन संघ,<br>प्रमुख कार्यकारी अधिकृत-मेलबर्न इन्सिच्युट अफ टेक्नोलोजी प्रा.लि.,<br>अध्यक्ष- एमआइटी ग्रुप होल्डिङ्ग प्रा.लि |
| ६. | श्री बालकृष्ण गुरुङ्ग | नेपालमा विभिन्न व्यवसाय र संघ/संस्थामा आबद्ध |

यस कम्पनीको संचालक त्यस्तै खालको अन्य कम्पनीको संचालक नभएको र कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ तथा संस्थागत सुशासन सम्बन्धि निर्देशिका २०७४ को व्यवस्थाहरुको पालना भएको जानकारी गराउँदछौं ।

**घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

क) यो पब्लिक कम्पनी भएकोले यस कम्पनीको शेयर खुला रुपमा बिक्री वितरण गर्न सकिने छ ।

ख) कम्पनीको शेयर कानुनको रित पुऱ्याई चल सम्पत्ति सरह हक छाडी दिन वा बन्धक राख्न सकिनेछ । तर कम्पनीले लिएको वा लिन कबुल गरेको शेयर कम्पनीको प्रथम साधारणसभा नभएसम्म र त्यस्तो शेयरको मागको रकम पुरा चुक्ता नभएसम्म र सञ्चालक समितिको स्वीकृती नलिएसम्म बिक्री गर्न वा धितोबन्धक राख्न सकिने छैन ।

ग) संस्थापक शेयरधनीहरुले आफुले लिएको शेयर बेचबिखन गर्नु परेमा उक्त शेयर खरीद गर्न सर्वप्रथम संस्थापक शेयरधनीहरुलाई प्राथमिकता दिनुपर्नेछ । उपरोक्त बमोजिम प्राथमिकता दिंदा एक भन्दा बढी व्यक्तिहरु त्यस्तो शेयर खरीद गर्न इच्छुक सबैले सकेसम्म बराबर खरीद गर्न सक्ने गरी बेच्नुपर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई बिक्री गर्न सकिनेछ ।

घ) शेयरधनीहरुले हकप्रद शेयरमा आफ्नो हक छाडी अरु कसैले सो हक हस्तान्तरण गर्न पाउने छन्, हकप्रद शेयर खुल्ला अवधिमा सम्पूर्ण शेयर बिक्री नभई बाँकि रहन गएमा त्यसरी बाँकि रहेको शेयर सञ्चालक समितिले पारदर्शी तरिकाले बिक्री गर्नुपर्नेछ । यसरी बिक्री गर्दा खरीद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गर्नुपर्नेछ ।

ङ) शेयर खरीद वा हस्तान्तरण सम्बन्धी अन्य व्यवस्थाहरु धितोपत्र सम्बन्धी ऐन नियम, निर्देशिका, कम्पनी कानुन बमोजिम हुनेछन् ।

"धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम (३८) को उपनियम (१) मा भएको व्यवस्था अनुरुप धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक, कर्मचारी र अन्य समूह) ले लिएको शेयर संगठित संस्थाले सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन।

**ख) संस्थापक/सञ्चालकसँगको कारोवार:**

**(क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत् सम्बन्धी विवरण :** सो नभएको ।

**(ख) बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

**६.सीमित दायित्व सम्बन्धी विवरण :**

यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीहरुको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सिमित रहनेछ ।

**७.संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**

**क)संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण:**

**(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने :**

| क.सं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति मिति | कार्यानुभव | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १. | श्रीमती उषा खतिवडा | प्रमुख कार्यकारी अधिकृत | ग्रामिण विकासमा स्नातकोत्तर | २०७६।०२।१५ | मानव संसाधन तथा प्रशासन विभाग प्रमुखको रुपमा सानिमा लाईफ इन्स्योरेन्स लि. मा १.५ बर्षको कार्यानुभव, प्रमुख सञ्चालन अधिकृत को रुपमा एन.आर.एन.आइ.डि.एल. मा ५ बर्षको कार्यानुभव, सानिमा माई हाइड्रोपावर लि.मा बरिष्ठ प्रशासन अधिकृतको रुपमा २ बर्ष तथा सानिमा हाइड्रोपावर लि. मा मानव संसाधन अधिकृतको रुपमा ५ बर्षको अनुभव, सन् २०१७ मा युनेस्कोद्वारा नेदरल्याण्डमा आयोजित जल व्यबस्थापन सम्बन्धी तालिममा सहभागिता, सन् २०१६ र २०१८ मा अमेरिकामा भएको हाइड्रो भिजन अन्तर्राष्ट्रिय सम्मेलनमा बक्ताको रुपमा सहभागिता, त्यसैगरि फ्रान्स, भियतनाम, श्रीलङ्का, नर्वे लगायतका देशमा भएको अन्तर्राष्ट्रिय स्तरको सम्मेलनमा बक्ताको रुपमा सहभागिता । | - |
| २. | श्री बद्री विशाल घिमिरे | कम्पनी सचिव | कानुन संकायमा स्नातक | स्थापनाकाल देखि हालसम्म | विगत २० वर्ष देखि सानिमा ग्रुपका विभिन्न कम्पनीहरु, जावलाखेल ग्रुप अफ इन्डष्ट्रिजका विभिन्न कम्पनीहरु, लोमस कसमस, चौधरी ग्रुपका विभिन्न कम्पनीहरु लगायतका विभिन्न संघ संस्थामा बाणिज्य कानुन सम्बन्धी परामर्शदाताको रुपमा संलग्न, व्यबसायिक अधिबक्ता, सन् १९९८ देखि विशाल ल एशोसिएट्सको प्रमुखको रुपमा संलग्न । | - |
| ३. | श्री प्रशिद्ध न्यौपाने | स्वतन्त्र वित्तीय परामर्शदाता | चार्टर्ड एकाउन्टेन्ट | २०७५।१२।०१ | विगत ६ वर्षदेखि वित्तीय परामर्श र लेखापरिक्षणमा संग्लग्न रहेको । श्रेष्ठ एण्ड न्यौपाने एसोसियट्स, चार्टर्ड एकाउण्टेन्टका साझेदार । | - |

**संगठित संस्थाका कर्मचारीहरु अन्य सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनीको रुपमा रहेको वा कर्मचारीहरुले अन्य कुनै संगठित संस्थामा गरेको लगानी सम्बन्धी विवरण :** सो नभएको ।

**(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएको भए सो सम्बन्धी विवरण:**

यस कम्पनीमा व्यवसाय विकास अधिकृतको रुपमा कार्यरत श्री प्रशिद्ध न्यौपानेले व्यक्तिगत कारणले राजीनामा दिएपछि सो पदभार श्रीमती उषा खतिवडाले लिनुभएको थियो ।

**(ग) कर्मचारीको संख्या: स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य :**

यस कम्पनीमा देहाय बमोजिमका कर्मचारी कार्यरत रहेका छन् :

| क्र.सं. | कुल कर्मचारी संख्या | स्थायी | प्रशिक्षार्थि/अस्थायी | करार | ज्यालादारी | अन्य |
|---|---|---|---|---|---|---|
| १ | ५ | २ | – | २ | - | १ |

**नोट :**
* कर्मचारीहरुका लागि सुरक्षित गरिएको शेयर स्थायी पदमा कार्यरत कर्मचारीहरुलाई मात्र बाँडफाँड गर्ने व्यवस्था गरिएको छ ।
* यस संस्थाले आफैं परियोजना व्यवस्थापन गर्ने नभई ऊर्जा उत्पादन गर्ने तथा पुर्वाधार सँग सम्बन्धित विविध कम्पनीहरुमा लगानी प्रवर्द्धन गर्ने हुँदा संस्थामा कार्यरत कर्मचारी यस संस्थाको उद्देश्य प्राप्त गर्न पर्याप्त रहेका छन् ।

**(ख) सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण:**

**(क) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधाः**

१.सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षलाई कुनै प्रकारको बैठक भत्ता प्रदान गरिने छैन साथै अन्य संचालकलाई पनि कुनै प्रकारको बैठक भत्ता उपलब्ध गराइने छैन ।
२.कम्पनीको कामको सिलसिलामा अध्यक्ष लगायत संचालकहरुलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ताको व्यवस्था गरिएको छैन ।
३. सञ्चार तथा पत्रपत्रिका खर्च वापत समेत अध्यक्ष लगायत अन्य कसैलाई कुनै व्यवस्था गरिएको छैन ।

**(ख) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका तीन जना अधिकृतहरुको नाम, पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकमः**

| क्र.सं. | कर्मचारीको नाम | पद | पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकमः (२०७५ श्रावण २०७६ आषाढ मसान्तसम्म) |
|---|---|---|---|
| १. | श्री जीवनाथ लामिछाने | कार्यकारी अध्यक्ष | हालसम्म कुनै सुविधा नलिएको |
| २. | श्रीमती उषा खतिवडा | प्रमुख कार्यकारी अधिकृत | *रु. १,३५,०००.०० |
| ३. | श्री प्रशिद्ध न्यौपाने | तत्कालिन व्यवसाय विकास अधिकृत | रु. ६,६८,३२२.०० |
| ४. | श्री बद्री विशाल घिमिरे | कम्पनी सचिव | रु. २,६०,०००.०० |

व्यवसाय विकास अधिकृत श्री प्रशिद्ध न्यौपानेले यस कम्पनी समक्ष मिति २०७५ फाल्गुणमा पेश गर्नु भएको राजिनामा स्वीकृत भैसकेको हुँदा हाल उहाँ यस कम्पनीमा व्यवसाय विकास अधिकृतको रुपमा कार्यरत हुनुहुन्न । साथै निजले सम्हालिरहनु भएको कार्यभार यस संस्थाका प्रमुख कार्यकारी अधिकृत श्रीमती उषा खतिवडाले वहन गर्दै आईरहनु भएको छ ।
* प्रमुख कार्यकारी अधिकृत श्रीमती उषा खतिवडालाई मिति २०७६ जेष्ठ १५ गतेदेखि आषाढ मसान्त सम्म भुक्तानी गरिएको ।

**ग) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरणः** सो नभएको।

**८.अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :**

यस सन्दर्भमा जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमहरु रहेका छन् ।

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :** शेयर लगानीमा भुक्तानी गर्न समस्या पर्ने ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :** लागु नहुने ।

**(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

१. कम्पनीले गरेका लगानी र ऋण खराव हुन गएमा हुने जोखिमहरु ।
२. कम्पनीले लगानी गरेको अन्य कम्पनीहरुको परियोजना विभिन्न परिस्थितिले गर्दा समयमा नै निर्माण हुन नसकेमा उत्पन्न हुने जोखिमहरु ।
३. ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :** कम्पनीले लगानी गरेको अन्य कम्पनीको परियोजनाहरुमा मूल्य अभिवृद्धि हुँदा लगानी रकम बढ्ने र प्रतिफल आउन ढिलाई हुने जोखिम ।

**(ङ) विदेशी विनिमयको जोखिम :** विदेशी विनिमय कारोवार गर्दा विनिमय दरमा हुने परिवर्तन तथा देशको वैदेशिक ब्यापार नीतिमा हुने परिवर्तनबाट उत्पन्न हुन सक्ने जोखिमहरु ।

**(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :** हाल कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको ।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**

१. अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
२. पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्न सक्ने जोखिमहरु ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**

१. नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
२. कर, भन्सार आदि सम्बन्धी ब्यबस्थामा परिवर्तन भएमा श्रृजना हुन सक्ने जोखिमहरु ।

**(झ) सञ्चालन इतिहासको अभाव :**

यस कम्पनीले आफ्नो कारोवार २०६९/०५/३१ गते देखि सञ्चालन गरेको हुँदा कम्पनीको कारोवार सञ्चालनको इतिहास करिव ७ बर्ष रहेको छ ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :**

नयाँ नयाँ सूचना प्रविधिहरुको विकास संगै उत्पन्न हुन सक्ने जोखिमहरु ।

**(ट) अन्य :**

१. देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
२. देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।

**उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजनाः**

कम्पनीको कर्जा तथा लगानी खराव भई हुनसक्ने जोखिमहरुको लागि कम्पनीले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ । कम्पनीले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वब्यापीकरणका कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य ब्यावसायिक जोखिमहरुबाट उत्पन्न हुन सक्ने हानि नोक्सानीको लागि ब्यवस्थापन चनाखो भई सम्भावित हानि नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्युनिकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने कम्पनीको नीति रहेको छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :**

रु. १००/- प्रति शेयरको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

## ९.वित्तीय विवरणः

### क) वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषणः

**(क) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाब बाँडफाँड र नगद प्रवाह विवरणः**

कम्पनीको आ.व. २०७५/०७६ को वासलात, नाफा–नोक्सान हिसाब, नाफा–नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाहको विवरण निम्नानुसार छ :-

## आषाढ मसान्त, २०७६ को वासलात

| बिबरण | रकम (रु.) |
|---|---|
| **शेयर पूँजी तथा जगेडा** | |
| शेयर पूँजी | ७९२,८७७,५०० |
| जगेडा तथा संचित नाफा | १६,३१९,२२२ |
| **जम्मा शेयर पूँजी तथा जगेडा** | **८०९,१९६,७२२** |
| **चालु दायित्वहरु** | |
| विविध साहु तथा अन्य दायित्वहरु | ३,६२०,२६० |
| आयकरका लागि ब्वबस्था | २१,५५९,५९२ |
| अवकाशको लागि व्यवस्था | २०३,५३४ |
| **जम्मा चालु दायित्वहरु** | **२५,३८३,३८६** |
| **जम्मा शेयर पूँजी तथा दायित्व** | **८३४,५८०,१०७** |
| **सम्पत्ति** | |
| **स्थिर सम्पत्ति** | १५५,६८८ |
| **जम्मा स्थिर सम्पत्ति** | **१५५,६८८** |
| **लगानी** | **५७५,०९८,५९७** |
| **चालु सम्पत्ति** | |
| नगद तथा बैंक मौज्दात | २३६,८७७,३२२ |
| अन्य चालु सम्पति | १,३९७,४८६ |
| अग्रिम आय कर | २०,९५६,९५० |
| डेफर्ड आयकर सम्पत्ति | ९४,०६४ |
| **जम्मा चालु सम्पत्ति** | **२५९,३२५,८२२** |
| **जम्मा सम्पत्ति** | **८३४,५८०,१०७** |

## नाफा-नोक्सान हिसाब (श्रावण १, २०७५ देखि आषाढ मसान्त, २०७६ सम्मको विवरण)

| बिबरण | रकम (रु.) |
|---|---|
| **आम्दानी** | |
| लाभांश आय | ५६१,८४० |
| व्याज आम्दानी | २४,५९४,४९१ |
| **जम्मा आम्दानी** | **२५,१५६,३३१** |
| ह्रास खर्च | ५१,८९६ |
| लगानीमा ह्रासको संभावनाको लागि व्यवस्था | २४६,२६० |
| प्रशासनिक खर्च | ३,४७६,७५० |
| **आयकर अघिको नाफा (नोक्सान)** | **२१,३८१,४२५** |
| आयकर | ५,२०४,९९३ |
| **खुद नाफा (नोक्सान)** | **१६,१७६,४३२** |
| **लाभांश वितरण** | **१,२८५,९४०** |
| **लाभांश वितरण पछिको नाफा** | **१४,८९०,४९२** |

**नगद प्रवाहको विवरण ( श्रावण १, २०७५ देखि आषाढ मसान्त, २०७६ सम्मको विवरण)**

| | **बिबरण** | **रकम (रु.)** |
|---|---|---|
| **(क)** | **संचालन गतिविधिको नगद प्रवाह** | |
| | **१ बोनश तथा आयकर अघिको नाफा** | १६,०७०,२५७ |
| | समायोजन | |
| | ह्रास खर्च | ५१,८९६ |
| | स्थगन करको लागि ब्यबस्था | -७०,६५६ |
| | लगानीको लागि व्यवस्था | २४६,२६० |
| | **कार्यशिल पूँजी परिवर्तन अघिको संचालन नगद प्रवाह** | **१६,२९७,७५७** |
| | चालु सम्पत्तिमा भएका कमी/(वृद्धि) | -२१,४१२,६१६ |
| | चालु दायित्वमा भएका कमी/(वृद्धि) | १९,१९४,७७४ |
| **(क)** | **संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **१४,०७९,९१६** |
| **(ख)** | **लगानी गतिविधिको नगद प्रवाह** | |
| | लगानीमा वृद्धि | -७५,०००,००० |
| **(ख)** | **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **-७५,०००,०००** |
| **(ग)** | **वित्तीय स्रोत कारोबारबाट नगद प्रवाह** | |
| | लाभाँश वितरण | -१,२८५,९४० |
| **(ग)** | **वित्तीय स्रोत कारोबारबाट नगद प्रवाह** | **-१,२८५,९४०** |
| | **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **-६२,२०६,०२४** |
| | नगद तथा बैंकमा रहेको शुरु मौज्दात | २९९,०८३,३४६ |
| | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **२३६,८७७,३२२** |

**(ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा):**

कम्पनीले आफ्नो कारोवार २०६९ साल भाद्र ३१ गतेदेखि प्रारम्भ गरेको हो । हाल कम्पनीको कुनै सहायक कम्पनी नभएकोले कम्पनीको कारोबार र समष्टिकृत कारोबार एउटै रहेको छ । कम्पनीको तीन वर्ष देखिको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सानको वित्तीय विवरण देहाय बमोजिम रहेको छ ।

## वासलात

| बिबरण | वास्तविक | | |
|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
| **शेयर पूँजी तथा दायित्व** | | | |
| **शेयर पूँजी तथा जगेडा** | | | |
| शेयर पूँजी | ७३५,६९८,९०० | ७६८,४४४,७०० | ७९२,८७७,५०० |
| जगेडा तथा संचित नाफा | ३२,५७३,५६७ | २५,९६७,७०५ | १६,३१९,२२२ |
| अग्रिम शेयर भुक्तानी | १,१२५,००० | - | - |
| **जम्मा शेयर पूँजी तथा जगेडा** | **७६९,३९७,४६७** | **७९४,४१२,४०५** | **८०९,१९६,७२२** |
| **चालु दायित्वहरु** | | | |
| विविध साहु तथा अन्य दायित्वहरु | ३,७८३,६७६ | ३,३७७,९११ | ३,६२०,२६० |
| आयकरका लागि व्यवस्था | - | २,६०४,६६५ | २१,५५९,५९२ |
| अवकाशको लागि व्यवस्था | - | २०६,०३६ | २०३,५३४ |
| **जम्मा चालु दायित्वहरु** | **३,७८३,६७६** | **६,१८८,६११** | **२५,३८३,३८६** |
| **जम्मा शेयर पूँजी तथा दायित्व** | **७७३,१८१,१४३** | **८००,६०१,०१५** | **८३४,५८०,१०७** |
| **सम्पत्ति** | | | |
| **स्थिर सम्पत्ति** | २६९,७७० | २०७,५८४ | १५५,६८८ |
| **जम्मा स्थिर सम्पत्ति** | **२६९,७७०** | **२०७,५८४** | **१५५,६८८** |
| **लगानी** | **४४८,८४४,८५७** | **५००,३४४,८५७** | **५७५,०९८,५९७** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | ३२३,८६२,८७१ | २९९,०८३,३४५ | २३६,८७७,३२२ |
| अन्य चालु सम्पति | २,००० | ९४१,८२१ | १,३९७,४८६ |
| अग्रिम आय कर | २०१,६४५ | - | २०,९५६,९५० |
| डेफर्ड आयकर सम्पत्ति | - | २३,४०८ | ९४,०६४ |
| **जम्मा चालु सम्पत्ति** | **३२४,०६६,५१६** | **३००,०४८,५७४** | **२५९,३२५,८२२** |
| **जम्मा सम्पत्ति** | **७७३,१८१,१४३** | **८००,६०१,०१५** | **८३४,५८०,१०७** |

**नाफा नोक्सान हिसाव**

| बिबरण | वास्तविक | | |
|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
| **आम्दानी** | | | |
| लाभांश आय | ३२२,६९६ | ८३३,६४६ | ५६१,८४० |
| ब्याज आम्दानी | २१,४८७,०६० | ३७,३२६,२५९ | २४,५९४,४९१ |
| अन्य आम्दानी | ९२४ | २६० | - |
| **जम्मा आम्दानी** | **२१,८१०,६८०** | **३८,१६०,१६५** | **२५,१५६,३३१** |
| ह्रास खर्च | १०८,९०९ | ७८,६८६ | ५१,८९६ |
| लगानीमा ह्रासको संभावनाको लागि व्यवस्था | - | - | २४६,२६० |
| प्रशासनिक खर्च | २,६८३,६७५ | ३,७३१,९३३ | ३,४७६,७५० |
| **बोनस अघिको नाफा (नोक्सान)** | **१९,०१८,०९७** | **३४,३४९,५४६** | **२१,३८१,४२५** |
| आयकर | ४,६७३,२१८ | ८,३८१,८४१ | ५,२०४,९९३ |
| **खुद नाफा (नोक्सान)** | **१४,३४४,८७९** | **२५,९६७,७०५** | **१६,१७६,४३२** |
| **लाभांश वितरण** | - | १,५२७,७६७ | १,२८५,९४० |
| **लाभांश वितरण पछिको नाफा** | **१४,३४४,८७९** | **२४,४३९,९३८** | **१४,८९०,४९३** |

**ग) आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण :**सो नभएको ।

**(घ) आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठूलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :**
सो नभएको ।

**(ङ) पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा सञ्चालकहरुको धारणा :**
सो नभएको ।

**(च) आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृति हुने मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी :**
सो नभएको ।

**(छ) विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण, (आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य, (ई) पूनर्मूल्यांकनको औचित्य :**
सो नभएको ।

**(ज) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :**
कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

## प्रक्षेपित वासलात

| बिबरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| **शेयर पूँजी तथा दायित्व** | | | |
| **शेयर पूँजी तथा जगेडा** | | | |
| शेयर पूँजी | १,१३२,६८२,१०० | १,१३२,६८२,१०० | १,१३२,६८२,१०० |
| जगेडा तथा संचित नाफा | २४,१७०,९३४ | ३९,२५५,१८८ | ४९,४४७,२३९ |
| अग्रिम शेयर भुक्तानी | - | - | - |
| **जम्मा शेयर पूँजी तथा जगेडा** | **१,१५६,८५३,०३४** | **१,१७१,९३७,२८८** | **१,१८२,१२९,३३९** |
| **चालु दायित्वहरु** | | | |
| विविध साहु तथा अन्य दायित्वहरु | २,९८१,४०५ | २,४९५,६०५ | २,०१४,४६२ |
| बोनसका लागि ब्यबस्था | ३,४१८,४२३ | ४,५९७,६४९ | ५,४६९,५१२ |
| आयकरका लागि ब्यवस्था | ७,६२२,८८८ | ३,६४०,९४४ | ५२२,३६३ |
| **जम्मा चालु दायित्वहरु** | **१४,०२२,७१७** | **१०,७३४,१९७** | **८,००६,३३७** |
| **जम्मा शेयर पूँजी तथा दायित्व** | **१,१७०,८७५,७५०** | **१,१८२,६७१,४८५** | **१,१९०,१३५,६७५** |
| **सम्पत्ति** | | | |
| **स्थिर सम्पत्ति** | १३९,८९१ | १०७,२३१ | ८२,३८९ |
| **जम्मा स्थिर सम्पत्ति** | **१३९,८९१** | **१०७,२३१** | **८२,३८९** |
| **लगानी** | **६८७,६२७,७००** | **८५०,१२७,७००** | **१,०००,१२७,७००** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | ४७७,६३९,६२६ | ३२८,८८५,९६६ | १८८,०९७,९५८ |
| अन्य चालु सम्पति | २,००० | २,००० | २,००० |
| अग्रिम आय कर | ५,३७२,४६९ | ३,४५४,५२४ | १,७३१,५६४ |
| डेफर्ड आयकर सम्पत्ति | ९४,०६४ | ९४,०६४ | ९४,०६४ |
| **जम्मा चालु सम्पत्ति** | **४८३,१०८,१५९** | **३३२,४३६,५५५** | **१८९,९२५,५८६** |
| **जम्मा सम्पत्ति** | **१,१७०,८७५,७५०** | **१,१८२,६७१,४८५** | **१,१९०,१३५,६७५** |

## प्रक्षेपित नाफा नोक्सान हिसाव

| बिबरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| **आम्दानी** | | | |
| लाभांश आय | २७४,२५६ | २६,८१५,०६६ | ४७,१३६,१५२ |
| व्याज आम्दानी | ३५,८१६,४६२ | २३,०३०,१६२ | ११,५४३,७५९ |
| म्युचुअल फण्डमा लगानीबाट प्राप्त प्रतिफल | ४००,००० | - | - |
| लगानी विक्रीबाट भएको नाफा (घाटा) | ४,५८६,५३० | - | - |
| **जम्मा आम्दानी** | **४१,०७७,२४७** | **४९,८४५,२२८** | **५८,६७९,९११** |
| **खर्च** | | | |
| ह्रास खर्च | ४०,७९७ | ३२,६६० | २४,८४२ |
| शेयर निष्काशनको खर्च | ३,५००,००० | | |
| लगानीमा ह्रासको संभावनाको व्यवस्था फिर्ता | -२४६,२६० | - | - |
| प्रशासनिक खर्च | ३,५९८,४७८ | ३,८३६,०७८ | ३,९५९,९५३ |
| **कर्मचारी बोनस र आयकर अघिको नाफा (नोक्सान)** | **३४,१८४,२३२** | **४५,९७६,४८९** | **५४,६९५,११६** |
| बोनसका लागि व्यवस्था | **३,४१८,४२३** | **४,५९७,६४९** | **५,४६९,५१२** |
| आयकर | ७,६२२,८८८ | ३,६४०,९४४ | ५२२,३६३ |
| **खुद नाफा (नोक्सान)** | **२३,१४२,९२१** | **३७,७३७,८९७** | **४८,७०३,२४१** |
| **लाभांश वितरण** | १५,२९१,२०८ | २२,६५३,६४२ | ३८,५११,१९१ |
| **लाभांश वितरण पछिको नाफा** | **७,८५१,७१२** | **१५,०८४,२५५** | **१०,१९२,०५०** |

## प्रक्षेपित नगद प्रवाहको विवरण

| | बिबरण | प्रक्षेपित | | |
|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| (क) | **संचालन गतिविधिको नगद प्रवाह** | | | |
| | **बोनश तथा आयकर अघिको नाफा** | २३,१४२,९२१ | ३७,७३७,८९७ | ४८,७०३,२४१ |
| | समायोजनः | | | |
| | ह्रास खर्च | ४०,७९७ | ३२,६६० | २४,८४२ |
| | लगानी विक्रीबाट भएको (नाफा) घाटा | -४,८३२,७९० | - | - |
| | **कार्यशिल पूंजी परिवर्तन अघिको संचालन नगद प्रवाह** | **१८,३५०,९२८** | **३७,७७०,५५७** | **४८,७२८,०८३** |
| | चालु सम्पत्तिमा भएका कमी/(वृद्धि) | १६,९७९,९६८ | १,९१७,९४५ | १,७२२,९६० |
| | चालु दायित्वमा भएका कमी/(वृद्धि) | -११,३६०,६६९ | -३,२८८,५१९ | -२,७२७,८६१ |
| | **संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **२३,९७०,२२६** | **३६,३९९,९८२** | **४७,७२३,१८३** |
| (ख) | **लगानी गतिविधिको नगद प्रवाह** | | | |
| | स्थिर सम्पत्ती खरिद | -२५,००० | - | - |
| | लगानीको विक्री | २१,३०३,६८७ | - | - |
| | लगानीमा वृद्धि | -१२९,०००,००० | -१६२,५००,००० | -१५०,०००,००० |
| | **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **-१०७,७२१,३१३** | **-१६२,५००,०००** | **-१५०,०००,०००** |
| (ख) | **वित्तीय स्रोत कारोबारबाट नगद प्रवाह** | | | |
| | शेयर पूंजीमा वृद्धि/(कमी) | ३३९,८०४,६०० | - | - |
| | लाभाँश | -१५,२९१,२०८ | -२२,६५३,६४२ | -३८,५११,१९१ |
| (ग) | **वित्तीय स्रोत कारोबारबाट नगद प्रवाह** | **३२४,५१३,३९२** | **-२२,६५३,६४२** | **-३८,५११,१९१** |
| | **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | २४०,७६२,३०५ | **-१४८,७५३,६६०** | **-१४०,७८८,००८** |
| | नगद तथा बैंकमा रहेको शुरु मौज्दात | २३६,८७७,३२२ | ४७७,६३९,६२७ | ३२८,८८५,९६७ |
| | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **४७७,६३९,६२६** | **३२८,८८५,९६६** | **१८८,०९७,९५८** |

**अनुसुची १**
**लाभाँस आम्दानी**

| बिबरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| **लाभांश आम्दानी** | | | |
| हिमालयन पावर पार्टनर लि.बाट | - | १८,०६६,८१० | २८,९०६,८९६ |
| सानिमा मिडिल तमोर हाइड्रोपावर लि. बाट | - | १,८२४,००० | ६,०८०,००० |
| स्वेतगङ्गा हाईड्रोपावर एण्ड कन्स्ट्रक्सन लि. बाट | - | ६,६५०,००० | ९,५००,००० |
| माथिल्लो मैलुङ्ग खोला जलविद्युत लि. बाट | - | - | २,३७५,००० |
| अन्य लगानीबाट | २७४,२५६ | २७४,२५६ | २७४,२५६ |
| **कूल** | **२७४,२५६** | **२६,८१५,०६६** | **४७,१३६,१५२** |

**अनुसुची २**
**ब्याज आम्दानी/ अनुमानित मुद्दतीमा रहने रकम**

| बिबरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| अनुमानित मुद्दतीमा रहने रकम | ४४७,७०५,७७७ | २८७,८७७,०२७ | १४४,२९६,९८७ |
| ब्याज आम्दानी | ३५,८१६,४६२ | २३,०३०,१६२ | ११,५४३,७५९ |

**अनुसुची ३**
**प्रशासनिक खर्च**

| बिबरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| साधारण सभाको खर्च | २३५,०५६ | २४८,३३७ | २६२,३६८ |
| विज्ञापन खर्च | ५१,५९१ | ५४,५०६ | ५७,५८५ |
| लेखापरिक्षण खर्च | १८,२८३ | १९,३१६ | २०,४०७ |
| लेखापरिक्षण शुल्क | ११०,००० | ११०,००० | ११०,००० |
| बैंक शुल्क | १,३५२ | १,४२९ | १,५०९ |
| संचार खर्च | ३१,६१० | ३३,३९६ | ३५,२८३ |
| कानुनी परामर्श शूल्क | २२६,८३१ | २३९,६४६ | २५३,१८७ |
| घरबहाल खर्च | ३६०,००० | ३६०,००० | ३९६,००० |
| सुरक्षा खर्च | ३९४,२८४ | ३९४,२८४ | ४३३,७१२ |
| कार्यालय संचालन खर्च | १५६,७५० | १६५,६०६ | १७४,९६३ |
| दर्ता तथा नविकरण खर्च | २९,३७१ | ३१,०३० | ३२,७८३ |
| कर्मचारी खर्च | १,४४०,००० | १,५८४,००० | १,५८४,००० |
| कर्मचारी उपदान खर्च | ११९,९५२ | १३१,९४७ | १३१,९४७ |
| कर्मचारी संचयकोष खर्च | १४४,००० | १५८,४०० | १५८,४०० |
| मसलन्द खर्च | ३४,८४३ | ३६,८१२ | ३८,८९२ |
| भ्रमण खर्च | १९,५६६ | २०,६७२ | २१,८४० |
| वेभसाईट संचालन खर्च | ६,३३९ | ६,६९७ | ७,०७६ |
| परामर्श शुल्क | २१८,६५० | २४०,००० | २४०,००० |
| **कूल** | **३,५९८,४७८** | **३,८३६,०७८** | **३,९५९,९५३** |

**अनुसुची ४**
**लगानीको विवरण**

| बिबरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| जलविद्युत परियोजनामा लगानी | ६८१,८५३,९०० | ८४४,३५३,९०० | ९९४,३५३,९०० |
| जलविद्युत सँग सम्बधित अन्य प्राथमिक शेयरमा लगानी | ५,७७३,८०० | ५,७७३,८०० | ५,७७३,८०० |
| **कूल** | **६८७,६२७,७००** | **८५०,१२७,७००** | **१,०००,१२७,७००** |

**अनुसुची ५**

**विविध साहु तथा अन्य दायित्वहरु**

| **बिबरण** | **प्रक्षेपित** | | |
|---|---|---|---|
| | **२०७६/७७** | **२०७७/७८** | **२०७८/७९** |
| टिडिएस भुक्तानी | १०,००० | १०,००० | १०,००० |
| तिर्न बाँकी संचालन खर्च रकम | १८८,५७१ | १८८,५७१ | २०७,४२८ |
| अग्रिम शेयर वापत प्राप्त रकम | २,४९०,८३८ | १,९९०,८३८ | १,४९०,८३८ |
| कर्मचारीलाई तिर्न बाँकी रकम | १४१,९९६ | १५६,१९६ | १५६,१९६ |
| अन्य भुक्तानी गर्न बाँकी रकम | १५०,००० | १५०,००० | १५०,००० |
| **कूल** | **२,९८१,४०५** | **२,४९५,६०५** | **२,०१४,४६२** |

**अनुसुची ६**
**स्थिर सम्पत्ति र ह्रास खर्च**

| **बिबरण** | **प्रक्षेपित** | | |
|---|---|---|---|
| | **२०७६/७७** | **२०७७/७८** | **२०७८/७९** |
| **फर्निचर, फिक्चर्स र कार्यालय उपकरणहरु** | | | |
| घट्दो प्रणाली बमोजिम बाँकी रकम | १५५,६८८ | ११६,७६६ | ८७,५७४ |
| ह्रास दर | २५% | २५% | २५% |
| ह्रास खर्च | ३८,९२२ | २९,१९१ | २१,८९४ |
| **अन्य सम्पत्ति** | | | |
| घट्दो प्रणाली बमोजिम बाँकी रकम | २५,००० | २३,१२५ | १९,६५६ |
| ह्रास दर | १५% | १५% | १५% |
| ह्रास खर्च | १,८७५ | ३,४६९ | २,९४८ |
| **कूल ह्रास खर्च** | **४०,७९७** | **३२,६६०** | **२४,८४२** |
| **कूल सम्पत्ति (घट्दो प्रणाली बमोजिम बाँकी रकम)** | **१३९,८९१** | **१०७,२३१** | **८२,३८९** |

** प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु श्रेष्ठ एण्ड न्यौपाने एसोसिएट्स चार्टर्ड एकाउण्टेन्टका साझेदार सि.ए. श्री प्रशिद्ध न्यौपानेले प्रमाणित गर्नुभएको छ ।

**वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु :**

| **सि नं** | **बिबरण** | **आधारहरु** |
|---|---|---|
| १. | **शेयर पूँजी** | आ.व. २०७४।७५ मा बोनस शेयर जारी गरे पश्चातको शेयरमा ३० प्रतिशत साधारण शेयर जारी गर्ने अनुमान गरिएको छ । सो बाहेक शेयर पुँजी वृद्धि नहुने प्रक्षेपण गरिएको छ । |
| २. | **स्थिर सम्पत्ति** | प्रक्षेपित अवधिको लागि स्थिर सम्पति कार्य संचालनको लागि मात्र थप गरिने प्रक्षेपण गरिएको छ । सो रकम प्रक्षेपण समयभरि जम्मा रु. २५,००० (आ.व. २०७६।७७) मा रहने अनुमान गरिएको छ । |
| ३. | **लगानी** | तल्लो लिखू जलविद्युत् परियोजना (२८.१ मेगावाट), मध्य तमोर जलविद्युत् परियोजना (७३ मेगावाट) र माथिल्लो मैलुङ्ग खोला जलविद्युत परियोजना (१४.३ मेगावाट) मा सम्झौता अनुसार लगानी गरिने अनुमान गरिएको छ । सो सम्झौता बमोजिम तल्लो लिखू जलविद्युत् परियोजना (२८.१ मेगावाट) र मध्य तमोर जलविद्युत् परियोजना (७३ मेगावाट) मा हालसम्म सम्पूर्ण रकम चुक्ता भईसकेको छ । माथिल्लो मैलुङ्ग खोला जलविद्युत परियोजना (१४.३ मेगावाट) मा आ.व. २०७६।७७ र २०७७।७८ मा सम्झौता अनुरुप रु. २,७५,००,००० लगानी गर्ने अनुमान गरिएको छ । |

| | | |
|---|---|---|
| | | त्यस बाहेक कम्पनीको विचाराधीन अवस्थामा रहेका परियोजनाहरु मध्येबाट उत्कृष्ट तीन परियोजनाहरुमा आ.व. २०७६।७७ मा थप रु. १०,००,००,०००, आ.व. २०७७।७८ मा थप रु. १५,००,००,००० र आ.व. २०७८।७९ मा थप रु. १५,००,००,००० लगानी गर्ने अनुमान गरिएको छ । लगानी पहिचान गर्न लाग्ने समयमा मौज्दातमा रहेको रकम मुद्दती खातामा रहने अनुमान गरिएको छ ।<br>साथै कम्पनीले आफ्नो लगानी गरेको केहि शेयर आ.व. २०७६।७७ मा विक्री गर्ने अनुमान गरिएको छ । सो विक्री रकम अनुमान गर्न कम्पनीले विगत १८० दिनको नेप्सेको कारोबार रकमलाई आधार लिएको छ । |
| ४. | **चालु सम्पत्ति** | |
| ४.१ | अग्रिम आयकर | अग्रिम आयकरमा ब्याज आय को १५ प्रतिशत बैंक तथा वित्तीय संस्थाले कट्टा गर्ने अनुमान गरिएको छ । सो रकम वार्षिक रुपमा कर दायित्वसंग समायोजन हुने अनुमान गरिएको छ । |
| ४.२ | अन्य चालु सम्पति | धरौटि बाहेक अन्य चालु सम्पति नरहने अनुमान गरिएको छ । |
| ४.३ | डेफर्ड आयकर | डेफर्ड आयकरमा कुनै परिवर्तन नहुने अनुमान गरिएको छ । |
| ५. | **चालु दायित्व** | |
| ५.१ | अन्य दायित्व | अन्य दायित्वहरुमा शेयरको लागि अग्रीम भुक्तानी गरेको तर पहिचान नखुलेको रकम समावेश गरिएको छ । सो रकम कम्पनीले पहिचान गरेर वार्षिक रु. ५,००,००० फिर्ता गर्ने अनुमान गरिएको छ । |
| ५.२ | आयकरका लागि व्यवस्था | लाभांश बाहेकको आम्दानीमा खर्च घटाई हुने नाफाको २५ प्रतिशत रकम आयकरको लागि ब्यबस्था गरिएको छ । |
| ५.३ | बोनसको लागि व्यवस्था | कर्मचारीको लागि बोनस ऐन, २०३० अनुरुप बोनसको व्यवस्था गरेर आगामी वर्षमा भुक्तानी गर्ने प्रक्षेपण गरिएको छ । |
| ६. | **आम्दानी** | |
| ६.१ | लाभांश आय | कम्पनीले लगानी गरेको परियोजनाहरुले आफ्नो सुरुवाती प्रक्षेपण बमोजिम लाभांश वितरण गर्ने प्रक्षेपण गरिएको छ । नयाँ परियोजनाले लगानी गरेर परियोजना समापन भएको अर्को वर्ष देखि मात्र लाभांश वितरण गर्ने प्रक्षेपण गरिएको छ ।<br>अन्य लगानीले औसतमा ५ प्रतिशत लाभांश वितरण गर्ने अनुमान गरिएको छ । |
| ६.२ | ब्याज आय | ब्याज आय सबै प्रक्षेपित वर्षहरुमा मुद्दती निक्षेपको औसतमा ८ प्रतिशत ब्याज आर्जन गर्ने अनुमान छ । |
| ७. | **खर्च** | |
| ७.१ | ह्रास खर्च | कम्पनीको नियमानुसार ह्रास खर्च लाग्ने अनुमान गरिएको छ । |
| ७.२ | प्रशासनिक खर्च | तलब खर्च बाहेक सबै प्रशासनिक खर्चहरू अघिल्लो बर्षको खर्चमा मुद्रास्फिती दर अर्थात ५.६५ प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ ।<br>तलब खर्च हरेक बर्ष १० प्रतिशतले बढ्ने अनुमान गरिएको छ ।<br>शेयर जारी हुने बर्षमा (२०७६/७७) शेयर जारी को लागी रु ३५ लाख छुट्याइएको छ र यो रकम सोहि वर्षमा खर्च लेखाङ्कन गर्ने अनुमान गरिएको छ । |
| ७.३ | लगानीमा ह्रासको संभावनाको लागि व्यवस्था | लगानीमा ह्रासको संभावनाको लागि व्यवस्थालाई लगानी विक्री भएपछि समायोजन गर्ने प्रक्षेपण गरिएको छ । |
| ८. | लाभांश वितरण | कम्पनीले आफ्नो अघिल्लो समयावधिको नाफाबाट सम्पूर्ण घटाउनुपर्ने खर्चहरु घटाएर लाभांश वितरण गर्ने अनुमान गरिएको छ । |

**प्रक्षेपित वित्तीय विवरणको प्रमुख सुचकाङ्कमा वृद्धि (घटी) :**

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| लाभांश आयमा वृद्धि | -५१.१९% | ९६७७.४०% | ७५.७८% |

| | | | |
|---|---|---|---|
| ब्याज आयमा वृद्धि | ४५.६३% | -३५.७०% | -४९.८८% |
| प्रशासनिक खर्चमा वृद्धि | ३.५०% | ६.६०% | ३.२३% |
| नेटवर्थमा वृद्धि | ४२.९६% | १.३०% | ०.८७% |
| नेटवर्थमा प्रतिफलमा वृद्धि | ०.०७% | ६०.९७% | २७.९४% |
| प्रति शेयर आम्दानीमा वृद्धि | १६.९१% | ३८.६०% | २९.०६% |
| लाभांश वितरणमा वृद्धि | १०८९.११% | ४८.१५% | ७०.००% |

**नेटवर्थ**

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| चुक्ता पूँजी | ७३५,६९८.९० | ७६८,४४४.७० | ७९२,८७७.५० | १,१३२,६८२.१० | १,१३२,६८२.१० | १,१३२,६८२.१० |
| शेयर पूँजीको लागि अग्रीम भुक्तानी | १,१२५.०० | - | - | - | - | - |
| जगेडा तथा कोषहरु | ३२,५७३.५७ | २५,९६७.७० | १६,३१९.२२ | २४,१७०.९३ | ३९,२५५.१९ | ४९,४४७.२४ |
| **जम्मा** | **७६९,३९७.४७** | **७९४,४१२.४०** | **८०९,१९६.७२** | **१,१५६,८५३.०३** | **१,१७१,९३७.२९** | **१,१८२,१२९.३४** |
| अपलेखन हुन बाँकी खर्च | - | - | - | - | - | - |
| **कुल नेटवर्थ** | **७६९,३९७.४७** | **७९४,४१२.४०** | **८०९,१९६.७२** | **१,१५६,८५३.०३** | **१,१७१,९३७.२९** | **१,१८२,१२९.३४** |
| **शेयर संख्या ('००० मा)** | **७,३५६.९९** | **७,६८४.४५** | **७,९२८.७८** | **११,३२६.८२** | **११,३२६.८२** | **११,३२६.८२** |
| **भारित शेयर संख्या ('००० मा) (नेपाल लेखामान बमोजिम गणना गरिएको)** | **६,४३५.५६** | **७,६०२.५८** | **७,८६७.६९** | **९,६२७.८०** | **११,३२६.८२** | **११,३२६.८२** |
| **प्रति शेयर नेटवर्थ (रु.)** | **१०४.५८** | **१०३.३८** | **१०२.०६** | **१०२.१३** | **१०३.४७** | **१०४.३७** |
| **खुद नाफा (नोक्सान)** | **१४,३४४.८८** | **२५,९६७.७०** | **१६,१७६.४३** | **२३,१४२.९२** | **३७,७३७.९०** | **४८,७०३.२४** |
| **प्रति शेयर आम्दानी (रु.) ** ** | **१.९५** | **३.३८** | **२.०४** | **२.०४** | **३.३३** | **४.३** |
| **प्रति शेयर आम्दानी (रु.) *** (नेपाल लेखामान बमोजिम गणना गरिएको)** | **२.२३** | **३.४२** | **२.०६** | **२.४** | **३.३३** | **४.३** |
| **नेटवर्थमा प्रतिफल (%)** | **१.८६%** | **३.२७%** | **२.००%** | **२.००%** | **३.२२%** | **४.१२%** |
| **नेटवर्थमा प्रतिफल (%) (नेपाल लेखामान बमोजिम गणना गरिएको)** | **२.१३%** | **३.३०%** | **२.०१%** | **२.३५%** | **३.२२%** | **४.१२%** |
| **प्रति शेयर चुक्ता पूँजी (रु.)** | **१००** | **१००** | **१००** | **१००** | **१००** | **१००** |

*प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो । सो वित्तीय विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको प्रमाणित गर्ने विशेषज्ञमा श्रेष्ठ एण्ड न्यौपाने एसोसिएट्स चार्टर्ड एकाउण्टेन्टस्का साझेदार सि.ए. श्री प्रशिद्ध न्यौपाने रहनु भएको छ ।

** यसरी प्रति शेयर आम्दानी गणना गर्दा नेपाल लेखामान बमोजिम गणना गरिएको छैन । प्रति वर्षको आयलाई शेयर संख्याले भाग गरेर गणना गरिएको छ । खुद नाफा नेपाल लेखामान बमोजिम गणना गरिएको छ ।

*** यसरी प्रति शेयर आम्दानी गणना गर्दा नेपाल लेखामान बमोजिम भारित शेयरको संख्याको आधारमा गरिएको छ । सो भारित शेयरको गणनामा आर्थिक वर्षको शुरुको शेयरलाई पूर्ण भार र सो आर्थिक वर्षमा निष्काशन गरिएको संस्थापक शेयर तथा बोनश शेयरलाई आधा भार दिएर गणना गरिएको छ । खुद नाफा नेपाल लेखामान बमोजिम गणना गरिएको छ ।

**(ख) विगत तीन वर्षको नेटवर्थमा भएको औषत प्रतिफल:** २.३८ प्रतिशत

**विगत् तीन वर्षको नेटवर्थमा औषत प्रतिफल कायम राख्न शेयर निष्काशन पछि आवश्यक न्युनतम प्रतिफल रकम:** रु.

२७,५०३.३९ (हजारमा)

**निष्काशन पछिको नेटवर्थमा निष्काशन पूर्वको आम्दानी कायम राख्न आवश्यक न्यूनतम प्रतिफल: २%**

**(ग)आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण:**

आ.ब.२०७६/०७७ को पौष मसान्त सम्मको लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण देहाय बमोजिम रहेको छ।

**वासलात**

**(२०७६ श्रावण १ गते देखि २०७६ पौष मसान्त सम्मको)**

| बिबरण | अपरिष्कृत वित्तीय विवरण |
|---|---|
| | २०७६ पौष मसान्त |
| **शेयर पूँजी तथा दायित्व** | |
| **शेयर पूंजी तथा जगेडा** | — |
| शेयर पूँजी | ७९२,८७७,५०० |
| जगेडा तथा संचित नाफा | २१,६४२,६३३ |
| **जम्मा शेयर पूंजी तथा जगेडा** | **८१४,५२०,१३३** |
| **चालु दायित्वहरु** | |
| विविध साहु तथा अन्य दायित्वहरु | ३,६६९,०६३ |
| आयकरका लागि व्यवस्था | २०,०५५,५६३ |
| अवकाशको लागि व्यवस्था | ३७३,०१४ |
| **जम्मा चालु दायित्वहरु** | **२४,०९७,६४०** |
| **जम्मा शेयर पूंजी तथा दायित्व** | **८३८,६१७,७७३** |
| **सम्पत्ति** | |
| **स्थिर सम्पत्ति** | ४८१,८६२ |
| **जम्मा स्थिर सम्पत्ति** | **४८१,८६२** |
| **लगानी** | **५८९,०९८,५९७** |
| **चालु सम्पत्ति** | |
| नगद तथा बैंक मौज्दात | २२८,१६९,६३४ |
| अन्य चालु सम्पति | ६०१,७५२ |
| अग्रिम आय कर | २०,१७१,८६४ |
| डेफर्ड आयकर सम्पत्ति | ९४,०६४ |
| **जम्मा चालु सम्पत्ति** | **२४९,०३७,३१४** |
| **जम्मा सम्पत्ति** | **८३८,६१७,७७३** |

**नाफा नोक्सान हिसाव (श्रावण १, २०७६ देखि पौष मसान्त २०७६)**

| बिबरण | अपरिष्कृत वित्तीय विवरण |
|---|---|
| | २०७६ पौष मसान्त |
| **आम्दानी** | |
| लाभांश आय | - |
| लगानीबाट अन्य प्रतिफल | ४००,००० |
| व्याज आम्दानी | १०,६३१,३११ |
| म्युचुअल फण्डमा लगानीबाट प्राप्त प्रतिफल | |
| लगानी विक्रीबाट भएको नाफा (घाटा) | |

| | |
|---|---|
| अन्य आम्दानी | - |
| **जम्मा आम्दानी** | **११,०३१,३११** |
| ह्रास खर्च | ३७,४९० |
| प्राथमिक शेयर निष्काशन खर्च | २,०४४,०२३ |
| लगानीमा ह्रासको संभावनाको लागि व्यवस्था (व्यवस्था फिर्ता) | - |
| प्रशासनिक खर्च | १,८५१,९१६ |
| **कर्मचारी बोनस र आयकर अघिको नाफा (नोक्सान)** | **७,०९७,८८२** |
| बोनसका लागि ब्वबस्था | - |
| आयकर | १,७७४,४७१ |
| स्थगन आयकर | - |
| **खुद नाफा (नोक्सान)** | **५,३२३,४१२** |
| **लाभांश वितरण** | - |
| **लाभांश वितरण पछिको नाफा** | **५,३२३,४१२** |

**नगद प्रवाह विवरण (श्रावण १, २०७६ देखि पौष मसान्त २०७६)**

| बिबरण | | अपरिष्कृत वित्तीय विवरण |
|---|---|---|
| | | २०७६ पौष मसान्त |
| (क) | **संचालन गतिविधिको नगद प्रवाह** | |
| | **१ बोनश तथा आयकर अघिको नाफा** | ७,०९७,८८२ |
| | समायोजन: | |
| | ह्रास खर्च | ३७,४९० |
| | स्थगन करको लागि ब्यबस्था | |
| | अन्य आसामीको समायोजन | |
| | लगानीको लागि व्यवस्था | |
| | **कार्यशिल पूँजी परिवर्तन अघिको संचालन नगद प्रवाह** | **७,१३५,३७२** |
| | चालु सम्पत्तिमा भएका कमी/(वृद्धि) | १,५८०,८१९ |
| | चालु दायित्वमा भएका कमी/(वृद्धि) | (३,०६०,२१६) |
| | **संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **५,६५५,९७६** |
| (ख) | **लगानी गतिविधिको नगद प्रवाह** | |
| | स्थिर सम्पत्ती खरिद | (३६३,६६५) |
| | लगानीमा वृद्धि | (१४,000,000) |
| | **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(१४,३६३,६६५)** |
| (ख) | **वित्तीय स्रोत कारोबारबाट नगद प्रवाह** | |
| | शेयर पूँजीमा वृद्धि/(कमी) | - |
| | लाभाँश | - |
| (ग) | **वित्तीय स्रोत कारोबारबाट नगद प्रवाह** | - |
| | **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **(८,७०७,६८९)** |

| | | |
|---|---|---|
| | नगद तथा बैंकमा रहेको शुरु मौज्दात | २३६,८७७,३२२ |
| | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **२२८,१६९,६३४** |

**१०.धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**क) धितोपत्र जारी गर्नुको उद्देश्य :**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए अनुसार यस विवरणपत्र मार्फत जारी पूँजीको ३० प्रतिशत अर्थात रु ३३,९८,०४,६००/–(अक्षरेपी तेत्तिस करोड अन्ठान्नब्बे लाख चार हजार छ सय रुपैंया मात्र) को ३३,९८,०४६ कित्ता साधारण शेयरमा सर्वसाधारणको समेत सहभागिता गराई निजहरुलाई लगानीको अवसर दिनु मुख्य उद्देश्य रहेको छ ।

**ख) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :**

**(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ तत् सम्बन्धी विवरण :**

निष्काशनबाट प्राप्त हुने कुल रकमलाई कम्पनीको प्रमुख उद्देश्य अनुरुप विभिन्न जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजनामा कम्पनीले शेयर वा ऋण लगानी गर्ने रहेको र सोहि अनुसार कम्पनीले विभिन्न जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजना संचालन गर्ने कम्पनीहरु र अन्य पूर्वाधार विकास गर्ने परियोजना संचालन गर्ने कम्पनीहरुमा समेत शेयर वा ऋण प्रवाह गर्नका लागि उपयोग गर्नेछ ।

यस कम्पनीले लगानी गर्ने तालिका निम्न बमोजिम रहेको छ :

| **विवरण** | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|
| जलविद्युत उत्पादन र वितरण गर्ने परियोजना संचालन गर्ने कम्पनीमा गरिने लगानी | १०,००,००,००० | १५,००,००,००० | १५,००,००,००० |
| **वार्षिक लगानी** (रु. मा) | **१०,००,००,०००** | **१५,००,००,०००** | **१५,००,००,०००** |
| **कूल संचित लगानी रकम** (रु. मा) | **१०,००,००,०००** | **२५,००,००,०००** | **४०,००,००,०००** |

माथिको तालिकामा उल्लेखित लगानी रकमलाई मिडिल कालिगण्डकी हाइड्रोपावर, ठुलो खोला हाइड्रोपावर तथा जुम खोला हाइड्रोपावर परियोजनामा लगानी गर्ने योजना रहेको छ । यस परियोजनाको संक्षिप्त विबरण देहाय बमोजिम रहेको छ ।

१.

| | |
|---|---|
| परियोजना | ठुलो खोला हाइड्रोपावर |
| डेभलपर | संयुक्त उर्जा प्रा.लि |
| परियोजना स्थल | म्याग्दी स्थित तत्कालिन कुइनेमंगाले गा.वि.स |
| जडित क्षमता | २१.३० मे.वा. |
| डिजाइन डिस्चार्ज | ७.३० m३/s |
| आउटेज पछिको औषत बार्षिक उर्जा उत्पादन | १२८.७५ GWh |
| निर्माण अवधि | ३ वर्ष |
| आयोजनाको प्रकार | नदि प्रवाही |
| कुल परियोजना लागत | रु. ३,५२,२३,०२,३४५.५८ |

२.

| | |
|---|---|
| परियोजना | जुम खोला हाइड्रोपावर |
| डेभलपर | सानिमा हाइड्रोपावर लिमिटेड |
| परियोजना स्थल | दोलखा स्थित विगु गाउँपालीका |
| जडित क्षमता | ५६ मे.वा. |
| डिजाइन डिस्चार्ज | २५.४५ m३/s |
| आयोजनाको प्रकार | नदि प्रवाही |
| सुख्खायाममा उत्पादन हुने उर्जा | ९७.४१ Gwh (कुल उर्जाको ३०%) |
| बर्षायाममा उत्पादन हुने उर्जा | २२७.३४ Gwh (कुल उर्जाको ७०%) |
| आउटेज पछिको औषत बार्षिक उर्जा उत्पादन | ३२,४७,५४,०६९ KWh |
| निर्माण अवधि | ३ वर्ष |
| कुल परियोजना लागत | रु १०,५३३ मिलियन |

३.

| | |
|---|---|
| परियोजना | मिडिल कालीगण्डकी हाइड्रोपावर |
| डेभलपर | हाइड्रो सपोर्ट प्रा.लि |
| परियोजना स्थल | म्याग्दी स्थित अन्नपुर्ण गाउँपालीका |
| जडित क्षमता | ५३.५३९ मे.वा. |
| डिजाइन डिस्चार्ज | ४४.९८ m३/s |
| आयोजनाको प्रकार | नदि प्रवाही |
| सुख्खायाममा उत्पादन हुने उर्जा | ९८.९७ Gwh |
| बर्षायाममा उत्पादन हुने उर्जा | २११.६८ Gwh |
| आउटेज पछिको औषत बार्षिक उर्जा उत्पादन | ३१०.६५६ Gwh |
| निर्माण अवधि | ४ वर्ष |
| कुल परियोजना लागत | रु १,०६९ मिलियन |

**(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्थाः**

निष्काशन गरिने साधारण शेयरको शतप्रतिशत प्रत्याभुति गराइएको हुनाले निष्काशित शेयर पूर्ण रुपमा विक्री नभएपनि प्रत्याभुतिकर्ता द्वारा सकारिने छ ।

**(ग) आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :** लागु नहुने ।

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मितिः** लागु नहुने ।

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरीद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य मूख्य बुँदाहरु :** नरहेको ।

**(च) कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरणः** सो नभएको ।

**(छ) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरणः** लागु नहुने ।

**(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** लागु नहुने ।

**(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** लागु नहुने ।

**(ञ) सार्वजनिक निष्काशनका लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्क सम्बन्धी विवरण :**
**(अ) निष्काशन तथा बिक्री प्रवन्धक:**
यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणमा बिक्री गरिने साधारण शेयरको निष्काशन तथा विक्री प्रवन्धकसम्बन्धी कार्यका लागि नियुक्त सानिमा क्यापिटल लिमिटेड पुतलीसडक, काठमाण्डौंलाई उक्त सेवा प्रदान गरे वापत एकमुष्ठ रु. ३,००,०००/- (अक्षरेपी तिन लाख मात्र) सेवा शुल्कको रुपमा दिइनेछ ।
**(आ) ट्रष्टि (डिवेन्चर/बण्ड निष्काशनको हकमा)** : निष्काशित धितोपत्र साधारण शेयर भएको हुँदा ट्रष्टि नभएको ।
**(इ) प्रत्याभूतिकर्ता :**
हिमालयन क्यापिटल लिमिटेड, कुमारी क्यापिटल लिमिटेड तथा मेगा क्यापिटल मार्केट्स लिमिटेडलाई कुल ३३,९८,०४६ कित्ता शेयरको सार्वजनिक निष्काशनको लागि प्रत्याभुतिकर्ता नियुक्त गरिएको छ । यदि निष्काशन गरिएको शेयर पुरै विक्री नभएमा बाँकी रहेको शेयर सकार्ने दायित्व प्रत्याभुतिकर्ताहरुको हुनेछ । यस सम्बन्धि विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

| क्र.सं. | प्रत्याभुतिकर्ताहरुको नाम | प्रत्याभुत गरिएको कित्ता | प्रत्याभुत गरिएको रकम रु. |
|---|---|---|---|
| १. | हिमालयन क्यापिटल लिमिटेड | ११,३२,६८२ | ११,३२,६८,२०० |
| २. | कुमारी क्यापिटल लिमिटेड | ११,३२,६८२ | ११,३२,६८,२०० |
| ३. | मेगा क्यापिटल मार्केट्स  लिमिटेड | ११,३२,६८२ | ११,३२,६८,२०० |
| **कुल** | | **३३,९८,०४६** | **३३,९८,०४,६००** |

प्रत्याभुतीकर्ताहरुलाई प्रदान गरिने प्रत्याभुति शुल्क भुक्तानीको रकम तथा शर्त

| क्र.सं | भुक्तानीका शर्तहरु | शुल्क प्रतिशतमा | शुल्क रकम रु. |
|---|---|---|---|
| १. | निष्काशन गरिएको शेयर पुर्ण रुपमा विक्री भएमा | १ | ३३,९८,०४६ |
| २. | निष्काशन गरिएको शेयर पुर्ण रुपमा विक्री नभएमा निष्काशन गरिएको सम्पुर्ण रकममा | २ (अतिरिक्त १ प्रतिशत) | ६७,९६,०९२ |

**(ई) विज्ञहरु** : वित्तीय प्रक्षेपण प्रमाणित गर्ने विज्ञ लेखापरीक्षक श्रेष्ठ एण्ड न्यौपाने एसोसियट्स, चार्टर्ड एकाउण्टेन्ट का साझेदार सिए. श्री प्रशिद्ध न्यौपाने लाई सेवा शुल्क बापत रु. ४०,०००/-(अक्षरेपी चालिस हजार मात्र) भुक्तानी गरिएको छ ।

**(उ) लेखापरिक्षक:** पिकेएफ टि.आर उपाध्याय एण्ड कम्पनीका चार्टर्ड एकाउन्टेन्ट श्री तिर्थ राज उपाध्याय लगातार तिन आ.व. देखी यस कम्पनीको लेखापरीक्षकको रुपमा कार्य गरि सक्नुभएकोले यस कम्पनीको सातौं बार्षिक साधारण सभाबाट एस. देवकोटा एण्ड कम्पनीका चार्टर्ड एकाउन्टेन्ट श्री सुनिल देवकोटालाई रु. १,००,०००/-(अक्षेरुपी एक लाख) पारिश्रमिक सहित लेखापरिक्षकको रुपमा नियुक्त गरिएको छ ।

**(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि):**
संकलन केन्द्र तथा निष्काशन बैंक लाई कुनै किसिमको सेवा शुल्कको व्यवस्था गरिएको छैन ।

**ग) सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत् सम्बन्धी विवरण :** सो नभएको ।

**घ) प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :**
यस विवरणपत्र मार्फत सर्वसाधारणलाई निष्काशन गरिने शेयर प्रिमियम मूल्यमा नभई शेयरको अंकित मूल्य रु. १००/- मा निष्काशन गरिने छ ।

**ङ) धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :**

**(क) अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकिया :**
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरीदको लागि आवेदनकर्ताहरुबाट अत्यधिक माग भई आएको अवस्थामा प्राप्त भएका आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको प्रावधान अनुसार आवेदकहरुमा धितोपत्र बाँडफाँड गरिनेछ । यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम शेयर खरीदका लागि दरखास्त प्राप्त हुन आएमा प्रत्याभुतिकर्ताबाट बाँकी शेयर सकारिनेछ ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था :**
शेयर विक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधि भित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ को अनुसूचि ७ बमोजिमको विवरण सम्बन्धित आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईने छ र सोही विवरणका अनुरुप आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिइनेछ ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**
धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा सो व्यवस्था लागु नहुने ।

**(घ) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधि :**
निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको निर्धारित समय भित्र बाँडफाँड गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता भए पश्चात आवेदन फाराममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर वितरण/जम्मा गर्ने व्यवस्था मिलाईनेछ ।

**(ङ) धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नपर्ने शर्तहरु सम्वन्धी विवरण :** हाल सम्म सूचीकरण भई नसकेको ।

**(च) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्वन्धी विवरण :**
सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

**च) प्रत्याभूति सम्बन्धी विवरण:**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम**

| क्र.सं | प्रत्याभुतिकर्ताको नाम | ठेगाना | प्रत्याभुत गरिएको कित्ता | प्रत्याभुत गरिएको रकम |
|---|---|---|---|---|
| १ | हिमालयन क्यापिटल लि. | त्रिदेबी मार्ग, ठमेल, काठमाण्डौं | ११,३२,६८२ | ११,३२,६८,२०० |
| २ | कुमारी क्यापिटल लि. | नक्साल, काठमाण्डौं | ११,३२,६८२ | ११,३२,६८,२०० |
| ३ | मेगा क्यापिटल मार्केट्स लि. | त्रिपुरेश्वर, काठमाण्डौं | ११,३२,६८२ | ११,३२,६८,२०० |
| **कुल** | | | **३३,९८,०४६** | **३३,९८,०४,६००** |

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु ।**

यस विवरणपत्रमार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँगको सम्झौताका मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ ।

१. प्रत्याभूतिकर्ताले ३३,९८,०४६ कित्ता शेयरको लागि प्रत्याभूति सेवा प्रदान गरेको छ ।

२. प्रत्याभूतिकर्तालाई प्रत्याभूति सेवा प्रदान गरे वापत कम्पनीले देहाय बमोजिम शुल्क प्रदान गर्नेछ ।

| क.सं | प्रत्याभुतिकर्तालाई प्रत्याभुति शुल्क भुक्तानीका शर्तहरु | शुल्क प्रतिशत | शुल्क रकम रु. |
|---|---|---|---|
| १. | निष्काशन गरिएको शेयर पुर्ण रुपमा विक्रि भएमा । | १ | ३३,९८,०४६ |
| २. | निष्काशन गरिएको शेयर पुर्ण रुपमा विक्रि नभएमा निष्काशन गरिएको सम्पुर्ण रकममा । | २ (अतिरिक्त १ प्रतिशत) | ६७,९६,०९२ |

३. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरमा प्रत्याभूतिकर्ताको दायित्व प्रत्याभूतित कित्ता शेयरमा मात्र सीमित हुनेछ ।

४.यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयर पूर्ण रुपमा बिक्री नभएमा माथि उल्लेखित प्रत्याभूतित कित्ता मा सीमित हुने गरी खरीद गर्ने सहमति जनाएको छ ।

५.यस सम्झौता पत्रको अवधि हस्ताक्षर गरेको मिति २०७६/०८/१६ देखि एक बर्ष सम्म मान्य रहनेछ ।

६.यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयर पूर्ण रुपमा बिक्री भएको जानकारी प्राप्त भए पश्चात सम्झौता पत्र स्वतः खारेज हुनेछ ।

७.उक्त अवधिमा कुनै विवाद उत्पन्न भएमा आपसी सम्झदारीमा समाधान गरिनेछ तर सम्झदारीमा आउन नसक्ने अवस्थामा मध्यस्तकर्ताको सहभागितामा समाधान गरिने छ ।

(छ) आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्वन्धी विवरण :**

१.यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर बाँडफाँड गरे पश्चात कायम हुने शेयरधनीहरुले सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित हुने संचालकहरुको निर्वाचनको हकमा मात्र भाग लिई मतदान गर्न पाउनेछन् ।

२.प्रचलित कम्पनी कानून तथा नेपाल धितोपत्र बोर्डको बोनस शेयर सम्बन्धी निर्देशिकाको अधिनमा रही कम्पनीले आर्जन गरेको मुनाफाबाट बोनस शेयर वा लाभांश वितरण गर्न सक्नेछ र आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्ड तथा अन्य सम्बन्धित नियमन निकायहरुको स्वीकृती लिई हकप्रद शेयर समेत जारी गर्न सक्नेछ ।

**(ख) नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :**

१. कम्पनीको प्रवन्ध–पत्र तथा नियमावली कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय प्रदेश नं. ३, काठमाण्डौं जिल्ला, चावहिल प्लाजा तेस्रो तल्ला, चावहिल र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री सानिमा क्यापिटल लिमिटेड, प्रदेश नं. ३, काठमाण्डौं जिल्ला, शेयर मार्केट्स कमर्शियल कम्प्लेक्स दोस्रो तल्ला, पुतलीसडकमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

२. प्रत्येक आवेदकले कम्तीमा १० (दश) कित्ता शेयर खरीदका लागि आवेदन दिनुपर्नेछ । १० (दश) कित्ताभन्दा बढी शेयरका लागि आवेदन दिंदा १० (दश) अङ्कको गुणन संख्यामा अधिकतम ३१,६०,१८० कित्ता बराबरको रु. ३१,६०,१८,०००।- (अक्षरेपी एकतिस करोड साठि लाख अठार हजार मात्र) सम्मको शेयरका लागि आवेदन दिन सकिनेछ ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नंपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्वन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु**

१.कुनै पनि नेपाली/गैह्र आवासिय नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् ।

२.आस्वा प्रणाली अन्तर्गतको आवेदन दिँदा भर्नुपर्ने अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ (जस्तैः आवेदकको हितग्राही खाता नं, बैंकको खाता नं., नाम, थर, ठेगाना, सम्पर्क नं. नागरिकता नं., धितोपत्र निष्काशन कम्पनीको नाम, खरीद गर्न चाहेको धितोपत्रको संख्या, खरीद गर्न चाहेको धितोपत्रको रकम आदि) ।

३.आवेदकहरुले आवेदन दिंदा आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुँदैन ।

४. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

५."धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुका सम्वन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ ।
६.एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
७.शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकाले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फारममा उल्लेख गर्नुपर्नेछ ।
८.रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फारममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारमलाई शेयर बाँडफाँड मा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

**११ सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण:**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

**(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति:** सो नभएको ।

**(ख) आधारभूत शेयरधनी:** सो नभएको ।

**(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य :** सो नभएको ।

**(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको ।

**(ङ) संगठित संस्थाको वा यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा वित्तीय संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा:** सो नभएको ।

**(च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदिको विवरण:** सो नभएको।

**१२.विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण**

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** सो नभएको ।

**१३.सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या :** सो नभएको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** सो नभएको ।

**१४.पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** सो नभएको ।

**१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरणः**

**क) लेखापरीक्षक/ प्रमुख बैंक, निष्काशन कार्य सँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना**

**अ) लेखापरीक्षक** :

कम्पनीको आ.व.२०७५/७६ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण लेखापरीक्षक PKF T.R. Upadhya and Company का Chartered Accountants का श्री तिर्थराज उपाध्यायले गर्नुभएको छ ।

**आ) प्रमुख बैंक**

यस निष्काशनको लागि प्रमुख बैंकको व्यबस्था गरिएको छैन ।

**इ) प्रक्षेपित वित्तीय विवरणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञः**

यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा लेखापरीक्षक श्रेष्ठ एण्ड न्यौपाने एसोसियट्स, चार्टर्ड एकाउण्टेन्ट का साझेदार सिए. प्रशिद्ध न्यौपाने रहनु भएको छ ।

**ई) निष्काशन बैंक(Bankers to the Issue)**

यस निष्काशनको लागि निष्काशन बैंक नियुक्त गरिएको छैन ।

**(ख) माथि खण्ड (क)मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बूँदा तथा शर्तहरुः**

**१.लेखापरीक्षक** : सो नभएको ।

**२.निष्काशन बैंक (Banker to the Issue)**: धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा सो व्यवस्था लागु नहुने ।

**३. प्रक्षेपित वित्तीय विवरण प्रमाणित गर्ने विज्ञः** कुनै शर्तहरु नरहेको ।

**१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत् सम्बन्धी विवरणः**

सो नभएको ।

**१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा** :सो नभएको ।

**(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरणः**सो नभएको ।

**(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम सम्बन्धी विवरण** :सो नभएको ।

**(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु** : सो नभएको ।

**१८.गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक सानिमा क्यापिटल लिमिटेड, पुतलीसडक, काठमाण्डौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको छ । कुनैपनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि सानिमा क्यापिटल लिमिटेडका नियम पालना अधिकृत श्रीमती रश्मी रिजाललाई निजकै कार्यकक्षमा वा कार्यालय समयभित्र ०१-४२२९१२४/१२५ (एक्स. २२८) मा सम्पर्क गर्न सकिनेछ ।

**१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण** :सो नभएको ।

**२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरणः**

हालसम्म कम्पनीले ऋणपत्र निष्काशन गरेको छैन ।

**२१.अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण:**
हालसम्म कम्पनीले अग्राधिकार शेयर जारी गरेको छैन ।

**२२.अन्य सामान्य जानकारी :**
**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण:** प्रक्षेपित वित्तीय विवरणमा विज्ञले निम्न बमोजिमको राय पेश गर्नुभएको छ :
"वित्तीय प्रक्षेपण विगत वर्षहरुको वास्तविक आँकडा तथा आउँदो वर्षको संचालन योजनाको आधारमा संस्थाको व्यवस्थापनले तयार पारेको हो र उक्त प्रक्षेपित विवरण संग्लग्न गरिएका प्रमुख अनुमानहरु बमोजिम तयार पारिएको छ भनी प्रमाणीकरण गरेका छौँ ।"

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**
आ.व. २०७३।७४, २०७४।७५ र २०७५।७६ मा वार्षिक साधारण सभाबाट लेखापरीक्षक PKF T.R. Upadhya and Company Chartered Accountants का श्री तिर्थराज उपाध्याय नियुक्त हुनुभएको थियो । श्री तिर्थ राज उपाध्याय लगातार तिन आ.व देखी यस कम्पनीको लेखापरीक्षकको रुपमा कार्य गरि सक्नुभएकोले यस कम्पनीको सातौं बार्षिक साधारण सभाबाट एस. देबकोटा एण्ड कम्पनीका चार्टर्ड एकाउन्टेन्ट श्री सुनिल देवकोटालाई लेखापरिक्षकको रुपमा नियुक्त गरेको छ ।

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता:**

भोजपुर, बास्तीम-६ मा स्थायी बसोबास रहनु भएका श्री बद्रि विशाल घिमिरे कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ । श्री बद्रि विशाल घिमिरेले त्रिभुवन विश्वविद्यालयबाट कानुनमा स्नातक सम्मको शैक्षिक योग्यता हासिल गर्नुभएको छ ।

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण:**
कम्पनीको मिति २०७४/०६/२५ गते बसेको सञ्चालक समितिको बैठकबाट सर्वसाधारणको लागि छुट्टाइएको साधारण शेयर मध्ये रु. ३३,९८,०४,६००/– बराबरको रु.१००/–अंकित दरको ३३,९८,०४६ कित्ता साधारण शेयर सर्वसाधारणहरु (कर्मचारी समेत) को लागि निष्काशन गर्ने निर्णय गरिएको छ । साथै सो कार्यको लागि सानिमा क्यापिटल लिमिटेड, पुतलीसडक, काठमाण्डौंलाई धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्त गर्ने निर्णय गरिएको छ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण:**
संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको छैन ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय:**
कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ ।
१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, चावहिल, चावहिल प्लाजा- तेस्रो तला, काठमाण्डौं ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक- सानिमा क्यापिटल लिमिटेड, शेयर मार्केट्स कमर्शियल कम्प्लेक्स दोस्रो तला, पुतलीसडक, काठमाण्डौं ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**
कम्पनीले आ.व. २०७३।७४ मा ४.२१ प्रतिशत र आ.व. २०७४।७५ मा ३.१८ प्रतिशत बोनस शेयर जारी गरेको छ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**
यस विवरणपत्रद्वारा निष्काशन गरिएको प्रति साधारण शेयर रु.१००।– अङ्कित मूल्य (Par Value) को कुल ३३,९८,०४६ कित्ता साधारण शेयरमध्ये २ प्रतिशत अर्थात ६७,९६१ कित्ता साधारण शेयर कम्पनीको सेवामा रहेका कर्मचारीहरुलागि सुरक्षित गरिएको तथा ५ प्रतिशत अर्थात १,६९,९०२ कित्ता साधारण शेयर सामुहिक लगानी कोषहरुलाई बाँडफाँड गरिनेछ । यसरी छुट्याइएको शेयर कर्मचारीहरुमा कम्पनीको संचालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँड गर्नेछ र कर्मचारीहरुबाट सम्पूर्ण शेयरका लागि माग भई नआएका अवस्थामा बाँकी शेयर सर्वसाधारणमा बाँडफाँड गरिनेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ ।

**(ञ) धितोपत्र विक्री वितरण सम्बन्धी व्यवस्था :**
यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि आस्वा सदस्य प्राप्त बैंक तथा वित्तीय संस्थाहरुका देश भरी फैलिएर रहेका तोकिएका शाखाहरु मार्फत आवेदन दिनसक्ने व्यवस्था रहेको छ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:**
बोर्डबाट क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्था केयर रेटिङ्गस् नेपाल लिमिटेड(CARE RATINGS NEPAL LTD.)ले यस कम्पनीद्वारा जारी गर्न लागेको प्राथमिक शेयरको सार्वजनिक निष्काशनलाई मिति २०७६/०४/२८ मा 'CARE-NP IPO Grade 4' प्रदान गरेको छ र यो २०७७/०४/२७ सम्म मान्य हुनेछ । 'CARE-NP IPO Grade 4' ले औषत भन्दा तलको आधारहरु (Below-Average Fundamentals ) लाई जनाउदँछ । केयर रेटिङ्गस् नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितीलाई जनाउँछ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यवसायीक संस्थाको नाम र ठेगाना सम्बन्धी विवरण :**
यस विवरणपत्र तयार पार्ने व्यावसायिक संस्थामा निष्काशन तथा बिक्री प्रवन्धक - सानिमा क्यापिटल लिमिटेड, शेयर मार्केट्स कमर्शियल कम्प्लेक्स दोस्रो तल्ला पुतलीसडक, काठमाण्डौं रहेको छ ।

**(ड) कम्पनीको प्रवन्धपत्र र नियमावली प्राप्त गर्न सकिने ठाउँ :**
यस कम्पनीको प्रवन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, प्रदेश नं ३, काठमाण्डौ जिल्ला, चावहिल प्लाजा तेस्रो तल्ला र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा विक्रि प्रवन्धक सानिमा क्यापिटल लिमिटेड शेयर मार्केट्स कमर्शियल कम्प्लेक्स दोस्रो तला पुतलीसडक काठमाण्डौंमा कार्यालय समयभित्र सम्पर्क राखि प्राप्त गर्न सकिनेछ ।

**(ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**
नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**
यस विवरणपत्रद्वारा निष्काशन गरिने शेयरको लागि आवेदन लिने कार्य कम्तीमा ४ (चार) कार्यदिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढिमा १५(पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ ।

**(त) धितोपत्र दर्ता निष्काशन नियमावली, २०७३ को नियम ९(३) मा भएको व्यवस्थाहरुको विवरण :**

**१. आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि आवश्यकता कार्यहरु अगाडी बढाई एक वर्षको अवधि पूरा गरेको :**
कम्पनीले मिति २०६९/०५/३१ गते पब्लिक लिमिटेडको रुपमा दर्ता भई आफ्नो उद्देश्य अनुसारको कारोवार सञ्चालन गरिरहेको छ ।

**२. प्रचलित कानून बमोजिम लेखापरिक्षण तथा साधारण सभा सम्पन्न गरेको:**
कम्पनीले मिति २०७५/०७६ सम्मको लेखापरीक्षण गरिसकेको छ । कम्पनी ऐन २०६३ को प्रावधान अनुरुप कम्पनीले आर्थिक वर्ष २०७५/०७६ को साधारण सभा मिति २०७६/०६/२४ गते सम्पन्न गरिसकेको छ ।

**३. आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नकालागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृत लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृती लिइसकेको:** नियमन निकायबाट अनुमति प्राप्त भइसकेको छ ।

**४.संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरीद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य शुरु गरिसकेको :** सो सम्पन्न भएको ।

**५.उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपुर्जा आदि खरीद गर्नुपर्ने भएमा टेन्डर आदी गरी खरीद प्रक्रिया अगाडी बढाइसकेको :** लागु नहुने ।

**६.धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा विक्री प्रबन्धकसँग सम्झौता भईसकेको :**
कम्पनीको प्रबन्धपत्रमा उल्लेख भए बमोजिम साधारण शेयर सर्वसाधारणमा निष्काशन गर्नका लागि निष्काशन तथा विक्री प्रबन्धक सानिमा क्यापिटल लिमिटेड, पुतलीसडक, काठमाण्डौंसँग सम्झौता भईसकेको ।

**७.आयोजना निर्माण अवधीभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको** : आयोजना निर्माण नहुने कारणले सो लागु नहुने ।

**८.संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको शतप्रतिशत रकम चुक्ता भैसकेको :**
संस्थापकहरुले आफुले लिन कबुल गरेको ७९,२८,७७५ शेयर कित्ताको प्रति शेयर रु.१००/-का दरले रु. ७९,२८,७७,५००/- शतप्रतिशत रकम चुक्ता भैसकेको छ ।

**९.परियोजना निर्माणका लागि फाइनान्सिएल क्लोजर (Financial Closure) भैसकेको :** लागु नहुने ।

**१०.जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरीद सम्झौता गरिसकेको :** लागु नहुने ।

**११.सर्वसाधारण निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, मा तोकिए बमोजिम प्रत्याभुत गराएको :**
सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, मा तोकिए बमोजिम कम्पनीद्वारा शतप्रतिशत शेयरको प्रत्याभुति गराईएको छ ।

**२३ सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखतः**

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने कम्पनीको सञ्चालकहरुको नाम तथा दस्तखत :

| क्र.सं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री जीवनाथ लामिछाने | कार्यकारी अध्यक्ष | |
| २. | श्री शेष घले | सञ्चालक | |
| ३. | श्री कृष्ण प्रसाद पाण्डे | सञ्चालक | |
| ४. | श्री बाल कृष्ण गुरुङ्ग | सञ्चालक | |
| ५. | श्री महेश कुमार श्रेष्ठ | सञ्चालक | |
| ६. | श्री रामेश्वर शाह | सञ्चालक | |

**२४. निष्काशन तथा बिक्री प्रवन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :** सो संलग्न गरिएको ।

**२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :** सो संलग्न गरिएको ।